**जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ।**
- सावधानीपूर्वक सवारी साधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेर मात्र सवारी साधन चलाऔं।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

epprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ पुस १५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 30 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२२

## बैधनाथ आविः भौतिक संरचना र जनशक्ति अभावको पीडा भोग्दैछ

दिनेश मिश्र, वीरगंज, १४ पुस/

जगरनाथपुर गाउँपालिका-३ स्थित बाबा बैधनाथ आधारभूत विद्यालय, गोधैयामा भौतिक संरचनाको अभाव रहेकोले पठनपाठनमा समस्या हुने गरेको छ।



तस्वीरः प्रतीक

बालविकासदेखि कक्षा ६ सम्मको अध्ययन हुने यो विद्यालयमा जम्मा चारवटा कोठा छन्। चारवटा कोठामा सातवटा कक्षा र कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता छ। विद्यार्थी सङ्ख्याको कुरा गर्दा यो विद्यालयमा ३२० जना छन् तर सोको अनुपातमा शिक्षकहरू भने छैनन्।

साधारणतर्फ एकजना प्रधानाध्यापकसहित तीनजना, राहत शिक्षक दुईजना र एकजना कार्यालय सहायक छन्।

बालविकास कक्षा सञ्चालनमा रहे पनि उनीहरूलाई अध्यापन गराउँदै आएकी एकजना शिक्षिकालाई अन्यत्र सरुवा गरिएको र उनको ठाउँमा अर्को शिक्षक नपठाइएकोले समस्या भएको प्रअ बादशाह साहले बताए। उनले बालविकास कक्षा सञ्चालनमा रहेको आफ्नो विद्यालयबाट बाल शिक्षिकको सरुवा गरिएको र निजको स्थानमा अर्को शिक्षिकलाई दरबन्दीमा नपठाउँदा समस्या भएको बताए। उनले कक्षाकोठाको पनि अभाव भएको बताए। चारवटा कोठा मात्र छन् तर बालविकासमेत गरी सातवटा कक्षा सञ्चालनसहित कार्यालय सञ्चालन गर्दा समस्या भइरहेको उनले बताए।

कक्षाकोठाको अभावमा घाम लागेको बखत र सामान्य मौसममा तीनवटा कक्षा बाहिर सञ्चालन हुँदै आएको र अन्य समयमा भने चारवटा कोठामा नै सबै कक्षा र कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता रहेको प्रअ साहले बताए। उनले विद्यालयमा उपलब्ध जनशक्तिको आधारमा गुणस्तरीय शिक्षा दिने विषयमा सबैजना इमानदार रहेको पनि उनले बताए। समयमा आउने र समयमा जाने परम्परा आफ्नो विद्यालयमा विद्यमान रहेको उनले दाबी गरे। स्थानीय अभिभावकहरूले पनि विद्यालयको शैक्षिक गतिविधि सुधारोन्मुख र सन्तोषजनक भएको तर भवन र जनशक्ति अभाव रहेको बताए।

अहिले यो विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४० लाख रुपैयाँको लागतमा चारवटा कोठा थप हुने बताए। उनले यो योजना अन्तर्गत कार्य भइरहेको तर निर्माण कार्य पूरा भइनसकेको बताए।

गापा अध्यक्ष श्रीकान्त यादवले आफू निर्वाचित भएर जिम्मेवारी सम्हालेपछि सो विद्यालयको भौतिक संरचना सुधारका लागि संवेदनशील रहेको बताए। उनले गापाको तर्फबाट थप कोठा, पर्खाललगायतका निर्माण कार्यका लागि २० लाख बजेट विनियोजन गरिएको बताए। उनले हाल कक्षा ६ सम्म सञ्चालित उक्त विद्यालयमा क्षमता वृद्धि गर्दै कक्षा १० सम्म पुर्‍याउने योजना अनुसार कार्य गरिरहेको बताए।

## औषधि खरीदमा अनियमितता

प्रस, वीरगंज, १४ पुस/

वीरगंज महानगरपालिकाको स्वास्थ्य महाशाखाले मातहतका स्वास्थ्य चौकीका लागि खरीद गरेको सामानमा अनियमितता गरेको समाचार छ।

स्वास्थ्य महाशाखाले महानगरभित्र रहेका स्वास्थ्य केन्द्रहरूलाई खरीद गरी पठाएका सामानहरू स्थानीय बजारको दररेटभन्दा बढी मूल्यमा खरीद गर्नुका साथै फरक र गुणस्तरहीन रहेको पाइएको छ।



महानगरले खरीद गरेको औषधि र ताला। तस्वीरः प्रतीक

महानगरको स्वास्थ्य महाशाखाका कर्मचारी र ठेकेदार मिलेमतो गरी रकम कुम्ल्याउने गरेको आरोप छ। महानगरले चौकीहरूमा पठाएका सामानका सूची तथा सामानका विवरण फरक देखिएको स्वास्थ्य कर्मचारीहरूले बताएका छन्। महानगरले पठाएको सूचीमा सामानको सङ्ख्या पनि फरक देखिएको एकजना स्वास्थ्य कर्मचारीले बताए।

सानो डिटोल साबुन १२ थान रु २८५ मा खरीद गरिएको छ। ८० एमएमको ताल्चा हुनुपर्नेमा ६५ एमएमको ताल्चा किनेर पठाएको र त्यसको मूल्य रु ४५२ राखिएको छ। कपडा धुने साबुन १२ वटाको रु ४४६, तन्ना तीन थानको रु दुई हजार १५०, पानी तातो गर्ने भाँडाको बजार मूल्य रु ६ सय छ तर महानगरले खरीद गरेको सूचीमा रु ९०४ छ।

त्यसैगरी, स्वास्थ्य महाशाखाले कलम, इन्डेक्स फाइल, पन्चिङ मेशिन, रेकर्ड फाइल, कपडा धुने साबुन, क्यालकुलेटर, मार्कर, हाइलाटर पेन, टिपेक्स, सर्फलगायतका सामानमा पनि मूल्य मिलेको छैन भने पठाइएका विवरणहरू पनि फरक प्रकृतिका छन्।

स्वास्थ्य महाशाखा प्रमुख रितेश जैसवालले ठेकेदारको लापरवाही भएको बताए। उनले फरक सामानबारे ठेकेदारसँग सोधनी हुने बताए। उनले ठेकेदारबाट गलती भएको देखिएको स्वीकारेका छन्।

## ठोरी गापाका सामुदायिक विद्यालयहरूको जस्तापातामा रङ्गरोगन पर्यटक तान्ने गरी ठोरीका विद्यालयहरू तयार पारिंदै -अध्यक्ष श्रेष्ठ

चिरञ्जीवी सापकोटा, ठोरी, १४ पुस/

ठोरी गाउँपालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा राखी काम गरिरहेको छ। शिक्षा विकासको मेरुदण्ड भएकोले शिक्षालाई प्राथमिकतामा राखी कार्य थालनी गरेको गापा अध्यक्ष लालबहादुर श्रेष्ठले बताए। शिक्षाको माध्यमबाट ठोरीको विकास सम्भव देखिएकोले आफूले कार्यभार सम्हालेदेखि ठोरीमा कक्षा १२ सम्म निश्शुल्क शिक्षाको निर्णय गरेको र ठोरीका २१ वटै सामुदायिक विद्यालयमा ५० लाखभन्दा बढी अनुदान प्रदान गरिएको उनले बताए। गरीबका छोराछोरीहरूले विद्यालयमा तिर्नुपर्ने शुल्कका कारण कक्षा १२ सम्म पनि पढ्ने अवस्था नरहेको देखेर आफूले सबैले शिक्षा पाउनुपर्छ भन्ने हेतुले कक्षा १२ सम्म निश्शुल्क शिक्षाको व्यवस्था मिलाएको उनले प्रस्ट्याए। अध्यक्ष श्रेष्ठले ठोरी गापाले शिक्षा निश्शुल्क गरेपछि विद्यार्थी र अभिभावक खुशी भएको दाबी गरे।



नेरामावि ओडार विद्यालयको जस्तापाता रङरोगन गरिंदै। तस्वीरः प्रतीक

त्यस्तै, ठोरी गापाले अहिले सामुदायिक विद्यालयका पुराना जस्तापातामा रङ्गरोगन शुरू गरेको छ। अध्यक्ष श्रेष्ठले अनुगमनका क्रममा जस्तापाताको अवस्था हेरेर प्वाल परेको जस्तापातालाई टाल्ने र रङ्गरोगन गरेर आकर्षक बनाउने कार्य शुरू गरेको बताए। विद्यालयमा रहेका समस्यामध्ये जस्तापाताबाट पानी चुहिने देखिएकोले यस वर्षभित्र समाधान गर्नेगरी कार्य शुरू गरेको बताए। यसले आउँदो वर्षायाममा यहाँका विद्यालयहरूमा वर्षाको कारण जस्तापाताबाट पानी चुहिएर पढाइ प्रभावित नहुने उनले विश्वास व्यक्त गरे। सामान्य टालटुल गरी काम चल्ने खालको जस्तापाता भए मर्मत गरिने र जस्तापाता फेर्नुपर्ने भए सो पनि गरिएको उनले बताए।

शिक्षामा व्यापक सुधार गर्नुपर्ने र ठोरीको शिक्षालाई अगाडि बढाउन के कस्ता कार्यहरू सञ्चालन गर्न सकिन्छ भनी आफ्नै अग्रसरतामा शैक्षिक सुझाव तथा परामर्श समिति गठन गरिएको जानकारी गराउँदै अध्यक्ष श्रेष्ठले समितिले दिएको राय, सुझाव र सल्लाह बमोजिम शैक्षिक कार्यक्रमको तर्जुमा गरी अघि बढेको पनि बताए। ठोरी गापा-२ मा रहेको सरस्वती माविका प्रधानाध्यापक केशवप्रसाद रेग्मीको संयोजकत्वमा नौ सदस्यीय समिति गठन गरिएको शिक्षा तथा खेलकूद शाखाका प्रमुख भुपाल जोशीले जानकारी दिए।

आगामी वर्ष निश्चित मापदण्ड निर्धारण गरी पालिकाले नमूना विद्यालय घोषणा गर्ने अध्यक्ष श्रेष्ठले बताए। उनले नमूना विद्यालयको अवधारणा अनुसार विद्यालयको विकास गर्ने कार्यक्रम रहेको जानकारी गराए। उनले ठोरीका सबै विद्यालयलाई हरित बनाउने उद्देश्य आफूले राखेको र अहिले पहिलो चरणमा एक विद्यालय एक बगैंचा अभियान सञ्चालन गरी दशवटा विद्यालयमा सो अनुरूपको बजेट विनियोजन गरी रकम पठाएको बताए। केही वर्षमा ठोरीका विद्यालयहरू पनि पर्यटकका लागि आकर्षणको केन्द्र हुने उनले दाबी गरे।

उनले आगामी शैक्षिक सत्रदेखि ठोरीका केही विद्यालयहरूलाई गाभेर पठनपाठनमा अझ गुणस्तरीयता ल्याउने गरी कार्य भइरहेको बताए। उनले टाढाका विद्यार्थीहरूलाई विद्यालय समयमैं पुग्नका लागि सवारी व्यवस्था मिलाउन लागिएको र त्यसको लागि दुईवटा स्कूल बस खरीद गर्ने योजना रहेको बताए। सवारीसाधनको निश्शुल्क प्रयोग विद्यार्थीहरूले गर्न पाउने उनले बताए। उनले शिक्षकहरूलाई दक्षता अभिवृद्धिका लागि पुनर्ताजगी तालीम दिने, लेखा व्यवस्थित गर्न लेखापाललाई तालीम दिने र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई पनि व्यवस्थापनसम्बन्धी तालीम दिएर दक्ष बनाउने तथा विद्यार्थीहरूलाई पठनपाठनसँगै अतिरिक्त क्रियाकलापमा सहभागी गराएर दक्ष बनाउने गरी कार्य अगाडि बढाएको बताए।

## पर्सागढीको मकैबालीमा ब्लास्ट रोग

नरेश यादव, पर्सागढी, १४ पुस/

पर्सागढी नगरपालिकामा लगाइएको मकैबालीमा ब्लास्ट रोग देखा परेको किसानहरूले बताएका छन्।



तस्वीरः प्रतीक

मकैको बिरुवा शुरूमा रातो हुने र त्यसपछि कुहिन थालेको किसान शिव पासवानले बताए। उनले ब्लास्ट रोग पर्सागढी नगरपालिकामा पहिलोपटक लागेको बताए।

यसअघि यो रोग यो क्षेत्रमा नदेखिएको भन्दै उनले यसको समयमा उपचार गर्न आग्रह गरेका छन्।

किसान पासवानले मलको कारण ब्लास्ट रोग लागेको अनुमान गरे। मल पाएको अवस्थामा बढी प्रयोग भइरहेकोले यो समस्या आएको उनको अनुमान छ।

पर्सागढी नपा कृषि शाखा प्रमुख राजकुमार खत्रीले पानीको समस्याका कारण यो रोग लागेको बताए। मकैबालीमा बढी सिंचाइको आवश्यकता नभएको र जाडो मौसम शुरू भएपछि किसानहरूले मकै लगाएकाले पनि यो रोग लागेको बताए। जाडोयाममा माटो चीसो हुने र सोमा किसानहरूले थप सिंचाइ गर्दा खेतमा पानी जमेर यो समस्या आएको हुन सक्ने बताए। यसको समाधानको लागि उनले डाइथिनियम ४५ र ढुसीनाशक प्रयोग गर्न सल्लाह दिएका छन्। उनले यो औषधि प्रयोग गरेको एक दिनपछि थोरै मात्रामा युरिया मल प्रयोग गर्न किसानहरूलाई सुझाए।

## लोककल्याणकारी विज्ञापन सम्बन्धमा सञ्चालकहरूसँग छलफल

प्रस, वीरगंज, १४ पुस/

वीरगंज महानगरपालिकाले वीरगंजबाट प्रकाशित हुने दैनिक/साप्ताहिक पत्रिकाका सञ्चालकहरूसँग छलफल गरेको छ। महानगरको आम सञ्चारमाध्यम नियमन तथा प्रवर्द्धन समितिले स्थानीय पत्रपत्रिकालाई संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले अन्तर्क्रिया कार्यक्रम गरेको हो।

महानगरपालिकाले दिंदै आएको लोककल्याणकारी विज्ञापन र सूचनालाई व्यवस्थित र पारदर्शी ढङ्गले समानुपातिकरूपमा वितरण गर्ने उद्देश्यले पत्रिकाहरूको समस्या र महानगरपालिकाले गर्न सक्ने समाधानका विषयमा छलफल गरेको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले बताए।

उनले वीरगंजबाट प्रकाशित पत्रपत्रिका, अनलाइन, रेडियो, टेलिभिजनलाई व्यवस्थित गर्दै उनीहरूको संरक्षण र संवर्द्धनका लागि महानगरपालिकाले ऐन, नियम, कानून बनाएर सहयोग पुर्‍याउँदै आएको बताए।

कार्यक्रममा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीश शर्माले महानगरले सुरुआत गरेको अभियान सराहनीय भएको बताए। उनले पत्रपत्रिकालाई गुणस्तरीयताका आधारमा वर्गीकरण गरी महानगरपालिकाबाट प्राप्त




(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**प्रत्येक दु:खले मानिसलाई सबक सिकाउँछ र प्रत्येक सबकले मानिसमा परिवर्तन ल्याउँछ ।**

**–एपिजे अब्दुल कलाम**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# खोप छैन

**छिमेकी मुलुक चीन र भारतमा नयाँ प्रजातिको कोरोना सङ्क्रमण दर उकालो चढ्दैछ । छिमेकी मुलुकमा 'बिएफ-७' नामको नयाँ भेरियन्ट फैलिएको कुरा विश्व स्वास्थ्य सङ्गठनले पुष्टि गऱ्यो । खुला सिमानाका कारण भारत हुँदै यो भेरियन्ट नेपाल भित्रिन सक्ने भएकाले सजगता अपनाउनुपर्ने अवस्था आएको छ । हाम्रो मुलुकमा हालसम्म उक्त नयाँ प्रजातिको भाइरस देखिएको छैन । तर पनि त्यसको प्रतिकार गर्न तयारी अवस्थामा रहनुपर्नेछ । यसको लागि भरपर्दो उपाय खोप नै हो । पहिलो र दोस्रो मात्रा खोप लगाएका व्यक्तिले अनिवार्यरूपमा बुस्टर डोज लगाउनुपर्ने विज्ञहरूको मत छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्क अनुसार हाम्रो मुलुकको कुल जनसङ्ख्यामध्ये ६९ लाख ७२ हजार ७९१ जनाले मात्रै कोरोना भाइरसको बुस्टर डोज लगाएका छन् । खोपको मात्रा पूर्ण भएपछि लगाइने अतिरिक्त खोप बुस्टर डोज हो । उक्त खोप लगाएको पनि एक वर्ष बितिसकेको छ । धेरैजनाले पूर्ण खोप मात्रै पूरा गरेका छन् । कतिपयले त पहिलो डोजको खोपसमेत लगाएका छैनन् ।**

**पहिलो डोज होस् वा बुस्टर डोज, कुनै पनि खोपको प्रभावकारिता छ महीनापछि क्रमशः घट्दै जान्छ । खोप लगाएको छ महीनादेखि त्यसको एन्टिबडी घट्दै जाने र एक वर्ष बित्दा प्रायः शून्यमा पुग्ने विभिन्न अध्ययनहरूले देखाएको छ । त्यसो हो भने बितेको छ महीनाभन्दा पहिले खोप लगाएकाहरू सबैलाई अर्को खोप दिनुपर्ने अवस्था आइसकेको छ । नयाँ भेरियन्टको महामारी नियन्त्रणका लागि खोप नलगाएकालाई पहिलो डोज, पहिलो डोज लगाएकालाई दोस्रो, दोस्रो लगाएकालाई पूर्ण डोज, पूर्ण डोज लगाएकालाई बुस्टर डोज र छ महीनाअघि बुस्टर डोज लगाएकाहरूलाई थप बुस्टर डोज लगाउनुपर्ने देखिएको छ । तर सरकारको भण्डारमा खोप छैन । नेपाल सरकारको केन्द्रीय भण्डारण केन्द्र, प्रदेश, जिल्ला र स्थानीय खोप केन्द्रसमेतमा गरी जम्मा ४७ लाख ६८ हजार मात्र खोप भण्डारण छ । जसमध्ये ४० लाख सिनोफार्म, दुई लाख ८० हजार भेरोसेल र बालबालिकाको लागि हुने फाइजर खोप चार लाख ८० हजार मात्रा छ । सोमध्ये फाइजर खोप उपभोग्य मिति गुज्रिसकेको अवस्थामा डब्ल्यूएचओको सुझाव अनुसार तीन महीना म्याद थप गरिएको छ । बितेको हप्ता सोही खोप लगाउँदा सिराहाका विद्यार्थीहरूले विरोध जनाएका थिए । चिनियाँ उत्पादनको भेरोसेल खोपको उपभोग्य मिति भने अझै एक वर्ष बाँकी छ । त्यसको परिमाण थोरै छ ।**

**बुस्टर डोज लगाउँदा सोभन्दा पहिले लगाएको खोपको प्रकार कुन हो, सोलाई समेत मध्यनजर गरी प्रभावकारी हुने किसिमको मिलाएर लगाउनुपर्ने हुँदा सबै खोप सबैजनालाई लगाउन मिल्छ भन्ने हुँदैन । हामीसँग सबैभन्दा बढी मौज्दात रहेको सिनोफार्मको खोप हो । यसअघि धेरैजनाले सिनोफार्मकै खोप प्रयोग गरेको हुनाले पनि पुनः सोही खोप बुस्टरको रूपमा प्रयोग गर्न मिल्दैन । कोभ्याक्स सुविधा अन्तर्गत ९० लाख डोज खोपमध्ये हाम्रो मुलुकले पाउनुपर्ने ६० लाख डोज खोप प्राप्त गर्नेतर्फ सरकारले ताकेदा गर्न सकेको छैन । खोप आपूर्ति र अभियान सञ्चालनतर्फ सरकार उदासीन रहँदा यो अवस्था आएको हो । अब मुलुकमा नयाँ सरकार बनेको छ । एकैपटक सम्भव नभए ज्येष्ठ नागरिक, बालबालिका र विकलाङ्गहरूको संरक्षणलाई प्राथमिकतामा राखी अविलम्ब खोप आपूर्ति जरुरी छ । त्यसैगरी महामारीविरुद्ध जनचेतना तथा सतर्कता जगाउनुपर्ने अवस्था आएको छ ।**

# उत्तर–दक्षिण रेलमार्गका चुनौतीहरू

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**परनिर्भरता खराब हो तर दक्षिणतिरको व्यापारिक निर्भरता कम गर्न उत्तरतिरको परनिर्भरता ल्याएर सञ्चालनमा ल्याउने प्रयास झन् प्रत्युत्पादक साबित हुनेछ । तसर्थ उत्तर–दक्षिण रेलमार्ग निर्माण निकै खर्चिलो र निम्न आय आउने प्रकृतिको साबित हुने निश्चित छ ।**

विसं २०७२ सालको मधेस आन्दोलनका कारण सीमानाका प्रभावित भई भारतसितको आयात–निर्यात व्यापार अवरुद्ध भएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले भारतमाथिको व्यापारिक परनिर्भरतालाई कम गर्न उत्तरी छिमेकी चीनसित व्यापार सम्बन्ध बलियो बनाउने गरी सम्झौताहरू गरे । उनी चीन भ्रमणबाट फर्केलगत्तै उत्तरी छिमेकी चीनको आर्थिक सहयोगमा केरुङ–काठमाडौं रेलमार्ग निर्माण हुने घोषणा गरेका थिए । २०७४ सालको आमनिर्वाचनमा वामपन्थी गठबन्धनको साझा चुनावी घोषणापत्रको पृष्ठ १८ मा 'यसै अवधिमा (पाँच वर्षमा) केरुङ–रसुवागढी–काठमाडौं–पोखरा–लुम्बिनी विद्युतीय रेलमार्गको निर्माण गरिनेछ' भन्ने उल्लेख थियो । तत्कालीन प्रधानमन्त्री ओलीले घोषणा गरेको सात वर्षपछि केरुङ–काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन गर्न चिनियाँ प्राविधिक टोली नेपाल आएको छ । रेलमार्ग निर्माणको आर्थिक ढाँचाबारे टुङ्गो लागेको छैन । सम्भवत: यस अध्ययनपश्चात् रेलमार्गको दूरी, सुरुङ निर्माण, पुलको उचाइँ, स्टेशनलगायतका विषय टुङ्गिनेछ । केरुङ–काठमाडौं रेलमार्ग निर्माण असम्भव नै होइन तर भौगोलिक विकटता र अत्यधिक खर्चका कारण यो त्यति सहज र सरल छैन । फेरि यो बिआरआई अन्तर्गत पर्ने भएकोले यसको निर्माणमा आउने खर्च चिनियाँ ऋण नै हुने निश्चित छ । तसर्थ यसका विभिन्न पक्षबारे सूक्ष्म विश्लेषण हुनु आवश्यक छ ।

२०७६ असोजमा चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका क्रममा यसको सम्भाव्यता अध्ययन शुरू गर्ने सहमति भएको थियो । सहमति भएको तीन वर्षपछि चिनियाँ प्राविधिक टोली काठमाडौं आएको छ । यस सम्बन्धमा काठमाडौंस्थित चिनियाँ दूतावासद्वारा जारी विज्ञप्तिमा नेपाल र चीनबीच बिआरआई निर्माणको यो अभिन्न अङ्ग हो भन्दै दुई देशको हिमालय पार बहुआयामिक कनेक्टिभिटी नेटवर्क निर्माण गर्ने उद्देश्यले संयुक्तरूपमा अगाडि बढ्ने यस आयोजनाबाट निकट सम्पर्क र समन्वय कायम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

यो रेलमार्ग बनाउन भौगोलिक भौगर्भिक र भूकम्पीय क्षेत्र गरेर मुख्यत: तीनवटा चुनौती देखिएको छ । प्रस्तावित रेलमार्गको नेपालखण्ड हिमाली र पहाडी क्षेत्रमा पर्छ । आयोजना बन्ने स्थल समथर नभएर डाँडाहरू मात्रै बढी छन् । त्यो अवस्थामा आयोजना बनाउन भौगोलिकरूपमा चुनौती छ । साथै आयोजनास्थलको भौगोलिक अवस्थाबारे समेत अध्ययन गर्नुपर्ने अवस्था छ । आयोजना बन्ने ठाउँ भूकम्पको पनि उच्च जोखिममा पर्छ । २०७२ सालमा आएको भूकम्पका कारण सात वर्षसम्म तातोपानी नाका सुचारु हुन नदिएको चीनको खबौं ऋणको लगानीमा निर्माण भएको रेलमार्गलाई पनि यसरी नै सुचारु हुन दिएन भने नेपाल कङ्गाल नै हुन्छ । कुनै पनि योजना निर्माण गर्दा त्यसमा पनि विकट पहाडी क्षेत्रमा रेलमार्ग निर्माणको योजना बनाउँदा त्यसको उद्देश्य, योजना टिकाउ हुने आधार, त्यसको निर्माण, सञ्चालन र मरम्मत सम्भार, आकस्मिक घटना सम्बोधन गर्ने आधार, योजना सम्पन्न भएपछि उद्देश्यप्राप्तिका सम्भावनाको विश्लेषण र मूल्याङ्कन हुनु जरुरी छ । योजनाले देश र जनतामाथि दूरगामी प्रभाव पार्ने भएकोले यस विषयमा स्वदेशी तथा विदेशी विज्ञहरूसित गहन छलफल एवं परामर्श आवश्यक हुन्छ ।

पहाडी क्षेत्रमा रेलमार्ग निर्माण, सम्भार र सञ्चालन कठिन र खर्चिलो हुन्छ किनभने लामो सुरुङ, अग्लो पुल, पर्खाल आदि निर्माण गर्नुपर्ने हुन्छ । रेलमार्ग र सुरुङ निर्माणका लागि हामीसँग आवश्यक पूर्वाधार र जनशक्ति छैन । हाइड्रोपावर र प्रवेशमार्ग जस्ता पूर्वाधार निर्माणसँगै प्रविधि एवं दक्ष जनशक्ति व्यवस्थापनमा ठूलै खर्च आवश्यक पर्छ । यसको भार पनि यसै योजनामाथि पर्छ । विज्ञहरूका अनुसार रेलमार्गको अधिकांश खण्ड पुल तथा सुरुङ रहनेछ । सातवटा सुरुङमार्ग निर्माण गर्नुपर्नेछ ।

नेपाल–चीन सीमादेखि काठमाडौंसम्म सम्पूर्ण रेलमार्ग विकट पहाडी क्षेत्रमा पर्छ । नेपाल नै भूकम्पीय जोखिम क्षेत्र भएकोले भूकम्प प्रतिरोधक संरचनाहरूको निर्माण थप खर्चिलो हुने निश्चित नै छ । यो रेलमार्ग रसुवागढीको उचाइ १८५० मिटर (६२८४ फिट)बाट शुरू भई १४४० मिटर (४८५२ फिट)सम्म आइपुग्छ । यस अनुसार रसुवागढी–काठमाडौंबीचको उचाइ ४१० मिटर (१३८१ फिट) समायोजन गर्नुपर्ने हुन्छ । यति उचाइमा भरसक अहिलेसम्म भारतले पनि रेलमार्ग सञ्चालन गरेको छैन । विश्वका अन्य देशहरूमा पनि बिरलै उदाहरण पाइन्छ । उत्तरी छिमेकी चीनले पनि तिब्बत क्षेत्रमा निकै ढिलो गरी रेलमार्ग निर्माण गरेको छ ।

दुई देशबीचको सहमति अनुसार चिनियाँ लागतमैं आयोजनाको सम्भावना अध्ययन हुनेछ । साथै प्राविधिक सहयोग पनि चीनले नै गर्नेछ । यो सम्भाव्यता अध्ययन गर्न झन्डै तीन अर्ब रुपैयाँ लाग्नेछ । नेपालले भने स्थानीयसँग सम्बन्धित मुआवजा, बस्ती व्यवस्थापन लगायत जिम्मेवारी बेहोर्नुपर्नेछ । साथै आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) र वातावरणीय प्रभाव मूल्याङ्कन (ईआइए) पनि नेपालले नै गर्नुपर्नेछ । त्यस्तै, अध्ययन क्षेत्रमा सुरक्षा उपलब्ध, आवास व्यवस्थापन र फिल्ड संरचना निर्माणलगायत दायित्व पनि नेपालकै लागि हुनेछ । नेपालको तर्फबाट यो काम रेल विभागले गर्नेछ । सम्भाव्यता अध्ययनका लागि नेपाल आउने चिनियाँ टोलीले श्रम स्वीकृति दिने, भिसा सहजीकरण गर्ने मामिलामा पनि नेपाल सरकारले सहजीकरण गर्नुपर्नेछ ।

चीनको अत्याधुनिक प्रविधिको प्रयोग गर्ने हो भने यसको निर्माण १० वर्षमा पूरा हुनेछ । रसुवागढीदेखि काठमाडौंसम्मको दूरी ७२ किलोमिटर हुन सक्ने प्राविधिकहरूको अनुमान छ, सम्भाव्यता अध्ययनपछि विस्तृत आयोजना रिपोर्ट आउनेछ । अहिले त भरसक केरुङसम्म पनि रेलमार्ग आइपुगेको छैन । प्रस्तावित केरुङ–काठमाडौं रेलमार्ग दूरी १७० किलोमिटर हुनेछ । त्यसमा नेपाल खण्डमा ७२ किलोमिटर रेलमार्ग बन्नेछ । रसुवा जिल्लाबाट रेलमार्ग नेपाल प्रवेश गर्नेछ । यो रेलमार्ग बनाउन पाँच अर्ब ५० करोड अमेरिकी डलर लाग्ने अनुमान गरिएको छ । रसुवागढीदेखि काठमाडौंसम्मको रेलमार्ग निर्माणमा मात्रै सात खर्ब रुपैयाँ जति खर्च आउनेछ ।

अहिले नै नेपालमाथि नौ खर्बभन्दा बढी ऋण रहेको छ । झन् सात खर्ब यसमा थपिने हो भने यो १६ खर्बको हाराहारीमा पुग्नेछ । चिनियाँ दूतावासले नै यसलाई बिआरआईको एउटा अभिन्न अङ्ग भनिदिएपछि यसको निर्माणमा लाग्ने खर्च चिनियाँ ऋण नै हो भन्ने यथार्थलाई बुझ्न हामीले थप केही गर्नुपरेन । ऋणमा यस रेलमार्गको निर्माण हुने भएपछि नेपालको कुल जिडिपीमा ऋणको हिस्सा कति हुन जान्छ, त्यतातिर पनि हाम्रो ध्यान जान आवश्यक छ । यति ठूलो आयतनको ऋण बोक्ने र त्यसको ब्याज भुक्तानी गर्ने देश ऋणको जालोबाट कहिल्यै उम्कन सक्नेछैन ।

नेपालजस्तो भौगोलिक विकटता भएको देशमा रेलमार्ग कुन ठाउँमा र कति लाभप्रद हुनेछ, त्यसको समीक्षा आवश्यक छ । कलकारखानाको दयनीय अवस्थाका कारण हाम्रो उत्पादन चिनियाँ बजारमा पुग्ने, त्यहाँको उत्पादनसित प्रतिस्पर्धा गर्न सक्ने र त्यसबाट हामीलाई कति लाभ हुने हो, त्यसको पनि समीक्षा हुनु आवश्यक छ । चिनियाँ पर्यटक तिब्बततिर नेपाल भ्रमणमा आउने र हाम्रा नागरिक चीन भ्रमणमा जाने अवस्थाको पनि विश्लेषण हुनुपर्दछ । चीनसितको दुई पक्षीय व्यापारमा हामीले ठूलो आयतनको व्यापार घाटा भोग्दै आएका छौं । चिनियाँ उत्पादन एकोहोरोरूपमा नेपाल आउने तर हाम्रोतिरबाट मालवाहक रेल रित्तै फर्किने हो भने दोहोरो रेल भाडा पनि हामीले तिर्नुपर्ने हुन्छ । रेलमार्गको सञ्चालनपछि व्यापार घाटाको आयतन झन् फराकिलो हुनेछ । लगानी अनुसारको प्रतिफल आएन भने रेलको स्वामित्व हामीले चीनलाई बेच्नुपर्ने अवस्था आउन सक्छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा पनि ऋण नै लिइएको थियो । त्यसको ऋण भुक्तानी गर्न त हामीलाई दशकौं लाग्नेछ । यो ऋण कसरी चुक्ता गर्ने ? परनिर्भरता खराब हो तर दक्षिणतिरको व्यापारिक निर्भरता कम गर्न उत्तरतिरको परनिर्भरता ल्याएर सञ्चालनमा ल्याउने प्रयास झन् प्रत्युत्पादक साबित हुनेछ । तसर्थ उत्तर–दक्षिण रेलमार्ग निर्माण निकै खर्चिलो र निम्न आय आउने प्रकृतिको साबित हुने निश्चित छ ।

# तन्नेरीमा बढ्दो हृदयघातको समस्या

काठमाडौं, १४ पुस/रासस

तन्नेरी अवस्थामा नै मानिसमा अहिले बढी हृदयघात हुने गरेको पाइएको छ । मानिस तन्नेरी अवस्थामा नै निष्क्रिय जीवनशैली, चुरोट, सुर्ती तथा खैनीको अत्यधिक सेवन, मोटोपनका कारणले हृदयघातको समस्या बढिरहेको छ । शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रका निर्देशक डा चन्द्रमणि अधिकारी हृदयघात हुने १२ प्रतिशत ४५ वर्षमुनिका युवा रहेको बताउँछन । उनी भन्छन्, "युवाहरूमा बढ्दै गएको चुरोट तथा सुर्ती सेवनको कारणले हृदयघातको समस्या बढ्दै गएको छ ।

खासगरी ४५ वर्षमुनिका २० प्रतिशत युवामा हृदयघात चुरोट र सुर्ती सेवन मुख्य कारक देखिएको छ ।"

उनका अनुसार अहिले अस्पतालमा हृदयघात भएर आउने धेरै युवा चुरोट र सुर्ती सेवनका कारण भएको पाइन्छ । चुरोट र सुर्तीबाहेक युवामा बढ्दै गएको अस्वस्थ्य खानपान, मोटोपन, तनावजस्ता कारणले पनि युवा उमेरमा नै हृदयघात हुने गरको उनको तर्क छ । चुरोट र सुर्तीका अलवा हृदयघात वंशाणुगतका कारण पनि हुने गरेको चिकित्सकहरू बताउँछन् । चिकित्सकका अनुसार ४५ वर्ष कटेपछि जो कोहीले पनि वर्षमा एकपटक तथा धूममान गर्ने, कोलेस्ट्रोल बढी र मोटोपन भएका मानिसले भने एकपटक मुटुको जाँच गराउन आवश्यक हुन्छ ।

खासगरी पुरुष ५५ र महिला ६५ वर्ष नाघेपछि उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, मोटोपन, हर्मोन, चिल्लो खानपान, तनावका कारणले हृदयघात हुने गरेको पाइन्छ ।

### जाडोमा हृदयघात बढी

जाडोमा हर्मोनको कारणले पनि हृदयघात हुन सक्छ । बिहान ८ बजेतिरको समयमा बढी हुने गर्दछ । शरीरमा हर्मोन बनिरहेका हुन्छन् । जाडो मौसममा बिहानको समयमा हर्मोनको सक्रियता धेरै हुने गर्छ ।

हर्मोनको सक्रियता धेरै हुँदा उच्च रक्तचाप बढ्ने, मुटुको चाल बढ्ने हुन्छ । चीसो समयको बेलामा मुटुको नशा साँघुरिएको छ भने मुटुको चाल बढ्दा मुटुलाई रगत पुग्दैन र त्यसलाई थाम्न नसक्दा हृदयघात हुने गरेको केन्द्रका वरिष्ठ मुटुरोग विशेषज्ञ डा दीपङ्कर प्रजापति बताउँछन् । "हर्मोन सक्रिय हुँदा बिहानीपख उच्च रक्तचाप हुने, मुटुको चाल बढ्ने जस्ता कारणले मुटुको नशा साँधुरो छ भने मुटुको चाल बढेको बेला रगत पुग्दैन," उनले भने, "मुटुरोगीलाई बिहानको हिंडाइमा हृदयघात हुने सम्भावना बढी हुन्छ ।"



यस्तै, धेरैजसो आत्तिने, झगडा गर्ने बेला पनि मुटुको चाल र उच्च रक्तचाप भएर मानिसमा हृदयघात हुने गरेको केन्द्रका वरिष्ठ मुटुरोग विशेषज्ञ डा प्रजापतिले जानकारी दिए । हृदयघातबाट बच्नका लागि चुरोट र सुर्ती खान कम गर्ने, उच्च रक्तचाप घटाउने, मधुमेह र कोलेस्ट्रोल नियन्त्रण, तनाव नियन्त्रण र मोटोपन कम गर्नुपर्ने चिकित्सकहरूको सुझाव छ ।

### व्यायाम गर्नेमा कम हृदयघात

नियमित व्यायाम गर्ने मान्छेमा भन्दा व्यायाम नगर्ने मान्छेमा हृदयघात हुने सम्भावना रहेको केन्द्रका कार्यकारी निर्देशक डा अधिकारीले बताए । उनका अनुसार सयजना व्यायाम गर्ने मान्छेमा एकजनालाई जीवनभरिमा हृदयघात हुन्छ भने व्यायाम नगर्ने मानिस सयजनामा १० जनालाई हृदयघात हुन सक्छ ।

केन्द्रले ३४० जनामा गरेको अध्ययनमा हृदयघात भएका ८८ प्रतिशतलाई छाती दुखेको थाहा भएको र २४ प्रतिशतले रोग मुटुको हो भन्ने थाहा पाउने गरेको पाइएको छ । नेपालीहरू छाती दुखे भने ढिलो उपचारका लागि आउने गरेका उनले बताए । अध्ययन अनुसार ९२ प्रतिशत मानिस नजीकैको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# नयाँ परिस्थितिः अर्थतन्त्रमा सुधारको आशा न्यून

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

**नेपालमा बाहृय हस्तक्षेप गराउने कार्यको प्रारम्भ पनि प्रचण्डबाट नै भएको हो । यस्तो अस्थिर व्यक्तिको नेतृत्वकालमा देशको अर्थव्यवस्था स्थिर होला भनेर सोच्न त सकिंदैन भने विकास त सुदूरको कुरा हो ।**

पुष्पकमल दाहाल प्रचण्ड नेपालको ४४औं प्रधानमन्त्री नियुक्त (पुस ११, २०७९) भएसँगै नेपालको राजनीति थप अस्थिर र अनिश्चित भएको छ। राष्ट्रिय राजनीति अनिश्चित भएसँगै राष्ट्रिय अर्थतन्त्रले अब कस्तो दिशा लिन्छ भन्ने विषय झनै अनिश्चित भएको छ ।

प्रचण्ड नेतृत्वको सरकारले राष्ट्रको अर्थतन्त्रमा तत्काल सुधार ल्याउन के गर्ने हो भनी अनुमानसम्म गर्न कठिन छ, किनभने प्रचण्ड कहिलेसम्म प्रधानमन्त्रीको कुर्सीमा बस्ने हुन् भन्ने कुरा निश्चित छैन। प्रचण्ड दुई/चार महीनासम्म पनि प्रम पदमा रहिरहन कठिन छ । अहिले उदारता देखाएका एमाले अध्यक्ष केपीशर्मा ओलीले प्रचण्ड प्रम भएको भोलिपल्टदेखि नै प्रचण्डलाई प्रम पदबाट तल झार्न अनेक षडयन्त्र गर्नै छैनन् भनी विश्वास गर्न सकिंदैन। बरु प्रचण्डलाई कहिलेसम्म प्रम पदमा रहन दिने भनी ओलीको मनमा दिन गन्ती प्रारम्भ भइसकेको होला । एमालेबाट नेकपा माओवादी केन्द्रले समर्थन पाइरहन र सरकार टिकाइराख्न ओलीले प्रचण्डलाई उनकै दलमा नितान्त एक्लो पार्न सक्छन् र माओवादी केन्द्रको संसदीय दलका सदस्यहरूलाई आफ्नो पक्षमा ल्याउन सक्छन्, एमाले प्रवेश गराउन सक्छन्। नेपालको राजनीति हो, भोलि जे पनि हुन सक्छ किनभने हामीकहाँ राजनीतिक धरातल आदर्श, इमानदारी र त्याग नभएर षडयन्त्र, प्रतिशोध र जालझेल रहेको छ । अनेक षडयन्त्र गरेर एमालेबाट प्रचण्डलाई बाहिर जान बाध्य पार्ने ओलीले जब तिनै प्रचण्डलाई हार्दिक स्वागत गर्दै आफ्नो दल (एमाले)को समर्थनमा तेस्रोपटक प्रम बनाउन तयार हुन्छन् भने भोलि प्रचण्डलाई ओलीले प्रमको कुर्सीबाट तल झार्न पनि सक्छन्। प्रचण्डलाई पुनः 'घरको न घाटको' पार्न सक्छन् माधव नेपाललाई पारेझैं । ओलीको विगत त्यस्तै छ। ओलीको यो उदारतामा षडयन्त्रको गन्ध आइरहेको छ। प्रचण्डको कदममा पनि बेइमानीको (काङ्ग्रेस र माधव नेपालसँग) वास छ।

नियन्त्रणभन्दा बाहिर नगए तापनि नेपालको अर्थतन्त्र अहिले चिन्ताजनक स्थितिमा पुगेको छ । अहिले राष्ट्रिय अर्थतन्त्र यतिसम्म कमजोर भएको छ कि देशको चालू खर्च राजस्वले मात्र धान्न सक्ने स्थिति छैन। मौद्रिक नीतिमा सुधार गर्नुपर्नेछ । औद्योगिक नीतिमा सुधार गर्नुपर्नेछ। पूँजी बजार चिन्ताजनक स्थितिमा छ, यसमा तत्काल सुधार ल्याउनुपर्नेछ। नेपालको उद्योग र व्यापार झन्झन् कमजोर भएर देश आयातमुखी हुँदै गएको छ। महँगीले आकाश छोएको छ ।

अहिले विप्रेषणले देशको अर्थतन्त्रलाई कसैगरी जोगाइराखेको छ। यस्तो स्थितिमा देशको अर्थतन्त्रमा सुधार ल्याउन एउटा स्थायी सरकार गठन हुनुपर्थ्यो । तर कस्तो सरकारको गठन भयो भने जसको स्थायित्व त परको कुरा, छ महीना पनि टिक्न सक्ने स्थिति छैन। सरकारको नेतृत्वकर्ता प्रचण्डमाथि रतीभर विश्वास गर्न सकिने आधार छैन ।

यो सरकारको गठन कुनै भद्र सहमतिको आधारमा भएको होइन, देश विकास गर्नका लागि भएको होइन, न स्थिर सरकार दिनका लागि नै भएको हो । यो सरकारको गठन नेता र दलहरूको स्वार्थपूर्तिका लागि भएको हो। अनेक षडयन्त्र, छलकपट र जालझेल गरेर भएको हो। यो तथ्य हामी सबैलाई घामझैं छर्लङ्ग छ । यो कारणले गर्दा पनि यो सरकारको आयु लामो नहुने निश्चित भन्न सकिन्छ । प्रचण्डले यो सरकारलाई स्थिर रहन दिंदैनन्, ओलीले पनि दिंदैनन् । नेपाली काङ्ग्रेसले दिने कुरै आएन। अब नेपालको अर्थतन्त्र झनै अस्थिर र अनिश्चित हुनेछ ।

अब प्रचण्डको पृष्ठभूमि, योग्यता र उनले पाउने कार्य–वातावरणको चर्चा गरौं। यी कुराहरूले देशको अर्थतन्त्रलाई प्रभाव पार्ने हुनाले यी कुराहरूको चर्चा आवश्यक छ ।

प्रचण्डको विगत र पृष्ठभूमि हत्या, हिंसा र लुटपाटले भरिएको छ। विगतमा उनले आफ्नो दलका कार्यकर्ताहरूद्वारा, आफ्नो स्वार्थको लागि, हजारौंको हत्या गराएका थिए । हजारौंको अङ्गभङ्ग गराएका थिए। बैंकहरू लुट्न लगाएका थिए । उद्योगहरूमा आगलागी गराएका थिए । जुन व्यक्तिले भएकै उद्योग र व्यापारिक केन्द्रहरू तोडफोड गराए, उनैबाट उद्योग र व्यापारको विकास हुन्छ भनी अपेक्षा गर्नु बालुवाबाट तेल निकाल्नमा समय खेर फाल्नु सरह हुनेछ। बरु प्रचण्डले अर्थतन्त्रलाई अझै अनिश्चित पार्नेछन् । खराब पार्नेछन् ।

शैक्षिक योग्यता वा कुशलताको हिसाबले पनि उनीबाट आर्थिक विकासका लागि नयाँ–नयाँ योजना एवं कार्यक्रम आउँला भनी आशा गर्न सकिंदैन । प्रचण्डसँग आर्थिक विकासको लागि न कुनै ठोस सोच छ, न अनुभव नै छ । उल्टो, प्रचण्डको ऊर्जावान् समय अध्ययन र चिन्तनमा होइन, भौतिक संरचनाहरू ध्वंस गर्न, षडयन्त्र गर्नमा बितेको छ । उनले नेतृत्व गरेको रक्तपातपूर्ण सङ्घर्षमा राष्ट्रको आर्थिक विकासका अनेक महत्त्वपूर्ण संरचना ध्वस्त भएका छन् ।

प्रचण्डले पाएको कार्य–वातावरण पनि असहज छ। प्रचण्ड प्रम भए तापनि उनीमाथि ओलीको सदा नियन्त्रण रहनेछ। आर्थिक क्षेत्रमा प्रचण्डले कुनै पनि किसिमको सुधार गर्न खोजे उनले अर्थमन्त्री विष्णु पौडेलसँग अनुमति लिनुपर्नेछ किनभने प्रचण्ड प्रम भए तापनि अदृश्यरूपमा ओली प्रम हुन् र ओलीको इशारामा विष्णु पौडेल चल्नेछन् । प्रचण्डको भूमिका कठपुतली प्रधानमन्त्रीको हुनेछ । आफू तेस्रोपटक देशको प्रम भएकोमा प्रचण्डलाई गर्व हुनेछ, त्यो केवल उनको लागि ठूलो उपलब्धि हो, तर देशलाई निराशा र अनिश्चितताबाहेक केही हात लाग्नेछैन। प्रचण्डको प्रम कार्यकालमा नेपालको अर्थतन्त्र झनै अस्थिर र गतिशून्य हुनेछ।

नयाँ सरकार गठन भएपछि प्रम जुन दलका हुन्, अर्थमन्त्री पनि त्यही दलको हुने चलन छ। यस्तो गर्दा राष्ट्रको आर्थिक विकासका लागि आवश्यक पर्ने नीति, योजना र कार्यक्रम निर्माण र तिनको कार्यान्वयन सजिलो हुन्छ । प्रम र अर्थमन्त्री दुई दलबाट आएका हुँदा ती दुई महत्त्वपूर्ण व्यक्तिहरूबीच राम्रो समन्वय हुन सक्तैन र राष्ट्रको अर्थतन्त्रले अनेक समस्या बेहोर्न थाल्छ । प्रचण्ड आफ्नो दलको स्वार्थमा र पौडेल आफ्नो दलको स्वार्थमा काम गर्ने हुनाले नेपालको अर्थतन्त्र झनै तानातानमा पर्नेछ, अस्थिर हुनेछ । यस कुरामा कुनै शङ्का नलिए हुन्छ।

नेपालको आर्थिक विकासको इतिहास हेर्ने हो भने नेपालका कम्युनिस्ट नेताहरूले नेपालको अर्थतन्त्रलाई ध्वस्त पार्दै लगेको प्रस्ट देखिन्छ, अपवादको रूपमा पूर्वप्रम मनमोहन अधिकारीबाहेक । कम्युनिस्ट नेताहरूले आफ्ना अनेक सङ्गठन (मजदूर, पेशाकर्मी, शिक्षक, विद्यार्थी)का कार्यकर्ता प्रयोग गरेर देशमा हडताल, तालाबन्दी, चक्काजाम, सडकजाम गराएका प्रमाण छन् । अर्थात् नेपालका कम्युनिस्ट नेताहरूले नेपालको अर्थव्यवस्थालाई अस्थिर र कमजोर पार्न महत्त्वपूर्ण भूमिका खेलेका छन्। यहाँसम्म भएको छ कि कम्युनिस्ट सरकारले आफ्नो स्वार्थअनुरूप कार्य नगरिदिएको झोंकमा कम्युनिस्ट नेताहरूले भएकै उद्योग ध्वस्त पारेका छन्। अहिले यो नयाँ परिस्थिति र दुई ठूला कम्युनिस्ट दलको निर्णायक भूमिकामा सरकार बनेको स्थितिमा देशले आर्थिक विकास गर्ला भनी कल्पना गर्न पनि कठिन छ। प्रचण्डबाट त झनै के अपेक्षा !

प्रचण्ड नेतृत्वको सरकारको समयमा नेपालको अर्थव्यवस्था अहिले जुन स्थितिमा छ, त्योभन्दा पनि खराब स्थितिमा जानेछ । अनेक दल, तिनका नेताहरू अनेक स्वार्थ, शक्ति र सत्तामा पुग्न जे पनि गर्न तयार हुने भएकोले विकृत संस्कृतिले गर्दा यो सरकारबाट नेपालको अर्थव्यवस्था सुधार्न नयाँ–नयाँ नीति, कार्यक्रम र योजनाहरू आउला र तिनको कार्यान्वयन कुशलतापूर्वक होला भनी सोच्नु समय खेर फाल्नु सरह हुनेछ।

प्रचण्डको लगभग सम्पूर्ण जीवन चतुऱ्याइँ, छलकपट, सौदाबाजी र धोखाधडीमा बितेको छ। अहिलेको ताजा स्थितिमा हेर्न हो भने उनले आफ्नो चुनाव क्षेत्र चितवन परित्याग गरे । गोरखामा काङ्ग्रेसको सहयोगमा काङ्ग्रेसको मतमा चुनाव जिते । काङ्ग्रेसको सहयोगमा चुनाव जिते तर त्यही काङ्ग्रेसलाई धोखा दिएर कुनै जमानाको आफ्नो घोर शत्रु (प्रचण्डकै भाषामा) ओलीसँग मिले । माधव नेपाललाई उचालेर एमाले फुटाउन लगाए, पछि माधव नेपाललाई बाटोमा एक्लो छाडेर हिंडे। यो गठबन्धन वर्षौंसम्म कायम रहन्छ भन्दै देउवालाई छैटौंपटक प्रम हुने सपना देखाए, देउवालाई आफ्नै दलभित्र आलोचित हुने स्थिति सिर्जना गरिदिए। प्रचण्डले चितवन र गोरखाका मतदाताहरूलाई पनि ठगे। चौतर्फीरूपमा केवल जालझेलको खेलमा रमाउने र केवल आफ्नो स्वार्थपूर्तिका लागि जे पनि गर्न तयार हुने व्यक्तिको प्रमकालमा नेपालको अर्थतन्त्रले विकासको गति लिनेछ भनी सोच्नु दिवास्वप्न मात्र हुनेछ।

स्मरण रहोस्, १२ बुँदे सहमति, जुन भारतको अगुवाइमा भएको थियो, त्यो प्रचण्डको स्वार्थको लागि भएको थियो । उनको त्यो स्वार्थ पूरा गर्दा नेपालको राजनीतिमा पहिलोपटक प्रत्यक्षरूपमा बाहृय शक्ति (भारत)को हस्तक्षेप भएको थियो । नेपालमा बाहृय हस्तक्षेप गराउने कार्यको प्रारम्भ पनि प्रचण्डबाट नै भएको हो । यस्तो अस्थिर व्यक्तिको नेतृत्वकालमा देशको अर्थव्यवस्था स्थिर होला भनेर सोच्न त सकिंदैन भने विकास त सुदूरको कुरा हो।

# दैनिक २६ टिपर मात्र नदीजन्य पदार्थ उत्खनन गर्न पाइने

प्रस, निजगढ, १४ पुस/

स्थानीय तहहरूले नदीजन्य पदार्थ (दहत्तर बहत्तर) उत्खनन, सङ्कलन गर्न



बकैया खोलामा एक्साभेटरद्वारा नदीजन्य पदार्थ उत्खनन गरिंदै । तस्वीरः प्रतीक

तयार गरिएका प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (आइइई)को मूल मर्म अनुसार दैनिक ३०० घनमिटरभन्दा बढी उत्खनन, सङ्कलन गर्न पाइँदैन । उक्त परिमाण १० चक्के टिपरको बढीमा २६ टिपर मात्र हुन्छ ।

उद्योग, पर्यटन तथा वन मन्त्रालय मधेस प्रदेश, जनकपुरले प्रदेश सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि–२०७५, वातारवण संरक्षण ऐन–२०७६ तथा नियमावली–२०७७, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ढुङ्गा, गिट्टी बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७, सङ्घीय वन ऐन २०७६ तथा प्रादेशिक वन ऐन र नियमावलीसमेतको परिधिभित्र रहेर नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गर्नुपर्ने अन्यथा कानूनविपरीत ठहर्ने जनाएको छ।

त्यसैगरी, चुरे क्षेत्र र चुरेको संरक्षित क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन सङ्कलन कार्य खाल्डाखुल्डी नपारी कामदारहरूबाट घरेलु उपकरणहरूको प्रयोग मात्र गर्न पाइने, वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली वन २०७७ ले चुरे संरक्षण क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड २०७७ र अन्य प्रचलित नियमको पूर्णरूपमा पालना गर्नुपर्ने, वातावरण संरक्षण नियमावली २०७७ को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको प्रावधान अनुसार दैनिक तीन सय घनमिटर नबढाइने गरी उत्खनन सङ्कलन गर्नुपर्ने, स्वीकृत वार्षिक परिमाण बढी रहे तापनि प्रतिदिन ३०० घनमिटरभन्दा बढीको दरमा सङ्कलन गर्न नपाइने, नदीजन्य पदार्थको उच्च थुप्रान भई भौतिक संरचना, बस्ती तथा आबादी क्षेत्रमा असर पर्न सक्ने क्षेत्रको नदीजन्य पदार्थ व्यवस्थापनमा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्न सकिने स्थानीय तहलाई कानूनी छुट छ।

निजगढ, कोल्हवी नपा, जीतपुरसिमरा उपमहानगरपालिका वा अन्य कुनै स्थानीय तहलाई नदीजन्य पदार्थ उत्खनन गर्न, गराउन सहमति नदिएको डिभिजन वन कार्यालय, बाराले जनाएको छ। "जिल्ला समन्वय समिति, बारामा भएको बैठकमा स्थानीय तहलाई सोझै नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न दिन सहमति हामीले गरेका छैनौं। जिल्ला विपद् व्यवस्थापन समितिमार्फत दैवी प्रकोप नियन्त्रण विपत् व्यवस्थापनका लागि हाम्रो सहमति हो, अन्यथा होइन," डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए । उनले केही स्थानीय तहले सहमतिका लागि वन कार्यालयमा पत्राचार गरेको बताए।

यता नदीजन्य पदार्थ प्राकृतिक स्रोतसाधनको अचाक्ली उत्खनन, दोहनलाई न्यूनीकरण गर्नका लागि एक्साभेटरलगायत अन्य मेशिनहरूको प्रयोग गर्न नहुने प्राकृतिक स्रोत संरक्षणकर्मीहरूको भनाइ छ। स्थानीय तहलाई शुरूमा गाऱ्हो हुने हो कि र ठेक्काबाट राजस्व सङ्कलन नहुने पो हो कि भन्ने लाग्न सक्छ । तर राजस्व सङ्कलनमा खासै फरक नआउने यदि आइहाले पनि प्राकृतिक स्रोतको संरक्षण मुख्य उपलब्धि हुने उनीहरू बताउँछन् ।

निजगढ नपाले राजस्व बढी सङ्कलन हुने नाउँमा नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न ठेकेदारलाई बर्सेनि एक्साभेटर जस्ता मेशिन प्रयोग गर्न दिइरहँदा दशकौंदेखि खोलाबगरमा आश्रित निजगढ नपा–८ बकैयाटोलका करीब ३०० घरधुरी सुकुमबासी मजदूरहरूको रोजीरोटीमा समस्या पर्दै आइरहेको उनीहरू बताउँछन्। हामीले बारम्बार खोलामा मेशिन हाल्दा आफूहरूलाई समस्या पर्दै आइरहेको गुनासो राख्दै आए पनि अहिलेसम्म कुनै सुनुवाइ नभएको बकैयाटोलवासीले बताए।

यसपालि मेशिन प्रयोग हुन नदिने, जबरजस्ती गरे मिलेर रोक्ने स्थानीयहरूबीच सहमति भएको ठूलाकान्छा माझी र शान्तिमाया माझीले बताए ।

यता खोलाबगरमा आश्रित स्थानीयहरूको रोजीरोटीलाई मध्यनजर गर्दै आवश्यकता अनुसार मात्र एक्साभेटर प्रयोग गर्ने मनसायमा निजगढ नपा रहेको नगरप्रमुख सुरथ पुरीले बताए । भेलबाढीले बगाएर थुपारिएका स्थानको पहिचान गरी प्राविधिकको सुझाव अनुसार कानूनको परिधिमा रही खोला च्यानलाइज्ड हुने गरी नदीजन्य पदार्थ हटाउनुपर्ने ठाउँहरू पनि रहेको उनले बताए ।

यता अदालतको आदेश र जिल्ला समन्वय समितिको निर्णय अनुसार सम्बन्धित निकायहरूमा सहमतिका लागि प्रक्रिया अघि बढाइसकेको र सहमति प्राप्त हुनासाथ नदीजन्य पदार्थको ठेक्का आह्वान गरिने निजगढका प्रमुख पुरीले बताए ।

निजगढ नपाको आइइई रिपोर्ट अनुसार यस वर्षमा एक करोड ५६ लाख २२ हजार ६७८ घनफिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गरी बिक्री वितरण गर्न ठेक्का बन्दोबस्ती लगाउन निजगढ नगरपालिकाले पाउनेछ । गत वर्ष नदीजन्य पदार्थ उत्खनन बिक्री वितरणका लागि निजगढ नपाले टेन्डर आह्वान गर्दा भ्याटबाहेक रु १२ करोड ४९ लाख ८१ हजारमा ठेक्का लागेको थियो ।

# २५ बैंकले रु चार अर्ब ६७ करोड ब्याज फिर्ता गर्नुपर्ने

काठमाडौं, १४ मङ्सिर/रासस

सम्झौताविपरीत बढी प्रिमियम लिएका २५ वाणिज्य बैंकले रु चार अर्ब ६७ करोड ऋणीलाई फिर्ता गर्नुपर्ने भएको छ ।

कर्जा प्रवाह गर्दा ऋणीसँग गरिएको सम्झौताविपरीत प्रिमियम थप गरेपछि वाणिज्य बैंकहरूलाई नेपाल राष्ट्र बैंकले नियमविपरीतको प्रिमियम फिर्ता गर्न निर्देशन दिएको हो ।

ब्याजदर फिर्ता गर्ने प्रतिबद्धता नजनाए लेखापरीक्षण प्रतिवेदन नै स्वीकृत नगर्ने केन्द्रीय बैंकको अडानपछि बैंकहरू सो रकम फिर्ता गर्न तयार भएका हुन् । राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्टले २५ बैंकलाई सो बराबरको रकम फिर्ता गर्न निर्देशन दिइएको जानकारी दिए ।

बैंक तथा वित्तीय संस्थाले प्रत्येक




आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन राष्ट्र बैंकबाट स्वीकृत गराउनुपर्छ। उक्त प्रतिवेदन स्वीकृत भएपछि मात्रै लाभांश घोषणा गर्ने र साधारणसभा बोलाउने बाटो खुला हुन्छ। यो वर्ष लेखापरीक्षण प्रतिवेदन पेश गरेका बैंकहरूलाई राष्ट्र बैंकले अनधिकृतरूपमा लिइएको ब्याज यकीन गरी फिर्ता गर्ने प्रतिबद्धतापछि मात्रै प्रतिवेदन स्वीकृत गर्ने नीति लिएको हो ।

हालसम्म २५ वाणिज्य बैंकको लेखापरीक्षण प्रतिवेदन स्वीकृत भइसकेको छ । तीमध्ये सबैले रकम फिर्ताको प्रतिबद्धता जनाएका छन् । कृषि विकास बैंकको भने अहिलेसम्म पनि वित्तीय विवरण स्वीकृत नभएकाले सो बैंकले अनधिकृतरूपमा ब्याज लिए/नलिएको वा लिएको भए कति लिएको थाहा हुन बाँकी छ। योसमेत गर्दा यस्तो रकम थप बढ्न सक्ने अवस्था रहेको राष्ट्र बैंकले जनाएको छ ।

**कुन बैंकको फिर्ता गर्नुपर्ने रकम कति ?**

राष्ट्र बैंकले उपलब्ध गराएको

(बाँकी चौथो पातामा)

# खस्किंदो अर्थतन्त्र, सरकारका लागि चुनौती

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**अर्थतन्त्रबारे सर्वत्र चिन्ता र नैराश्यता देखिएको अहिलेको अवस्थामा यसलाई हटाउन नवगठित सरकारले विशेष पहलकदमी लिनुपर्ने आवश्यकता देखिएको छ। यसका लागि सबैभन्दा पहिले सरकारले सर्वसाधारण र निजी क्षेत्रको मनोबल उच्च राख्न सक्नुपर्दछ।**

भर्खरै ठूलो धनराशि खर्चेर प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन सम्पन्न भई मुलुकमा पुष्पकमल दाहाल ‘प्रचण्ड’ को नेतृत्वमा नयाँ सरकार बनेको छ। नवगठित सरकारका अर्थमन्त्रीमा विष्णुप्रसाद पौडेलले बागडोर सम्हालेका छन्। प्रधानमन्त्रीका रूपमा दाहाल र अर्थमन्त्रीका रूपमा पौडेलले आफ्नो तेस्रो कार्यकाल सम्हाल्दै गर्दा मुलुकको सामु आर्थिक चुनौतीको चाङ देखिएको छ। शोधनान्तर घाटा, मूल्यवृद्धि, तरलता अभाव, उच्च र अस्थिर ब्याजदर, राजस्वको क्षयीकरणलगायत विविध समस्याले नेपालको अर्थतन्त्र थलिएको छ। यसरी सङ्कटोन्मुख बनेको अर्थतन्त्रलाई लयमा ल्याउनु र देशमा आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्नु नवगठित सरकारको सबैभन्दा ठूलो जिम्मेवारी र चुनौती रहेको छ।

मुलुकको अर्थतन्त्रको संरचना विप्रेषण, कर्जा, आयात र जग्गामा केन्द्रित छ। आयात र राजस्व मात्र जोडेर गरिएको विगतको विश्लेषण अपर्याप्त छ। विप्रेषणका कारण आम नागरिकको आय बढेर उपभोग्य वस्तु तथा सेवाको माग बढ्नु, वस्तु तथा सेवाको बढ्दो माग आपूर्तिका लागि बैंकिङ क्षेत्रबाट सहज कर्जा प्राप्त हुनु, आपूर्तिका लागि स्थानीय उत्पादनभन्दा आयात सहज, नाफामूलक र न्यून जोखिमपूर्ण हुनु, उच्च आयात धान्न विप्रेषणमार्फत विदेशी मुद्रा उपलब्ध हुनु, उच्च प्रतिफल र सहज कर्जाका कारण जग्गामा लगानी बढ्नु, जग्गाको बढ्दो मूल्यका आधारमा सहज ढङ्गबाट कर्जा उपलब्ध हुनु र यो क्रमले लामो अवधिसम्म निरन्तरता पाउनुजस्ता कारणले मुलुकको आर्थिक संरचना नै फेरिएको छ। विप्रेषणले अर्थतन्त्रमा माग बढाए पनि मुलुकभित्रै उत्पादन नबढ्नु, मुलुकको अर्थतन्त्र आयातमार्फत व्यापारीकरण र परनिर्भर हुँदै जानु एवं वित्तीयकरणमार्फत जग्गाको द्रुत गतिले मौद्रिकीकरण तथा उच्च मूल्यवृद्धिका कारण मूल्य अभिवृद्धिको शृङ्खलाबाट बाहिरिँदै जानु अत्यन्तै प्रत्युत्पादक अवस्था हो। यस्तो अवस्था रहेमा अर्थतन्त्रमा सुधार आउन सक्दैन।

सरकारले चालू खर्च गर्नसमेत ऋण उठाउनुपरेको अवस्था छ। यस्तो अवस्थामा अनुत्पादक खर्च कटौती गर्नुका साथै राजस्व चुहावट रोक्नुपर्ने सरकारको मुख्य चुनौती रहेको छ। नेपाल राष्ट्र बैंकले वस्तु तथा सेवाको माग घटाएर महँगी नियन्त्रण गर्न र अर्थतन्त्रमा बाह्य क्षेत्रको चाप न्यूनीकरणका लागि भन्दै ब्याजदर वृद्धिको नीति लिएको देखिन्छ। माग घटाउने र ब्याजदर बढाउने केन्द्रीय बैंकको नीतिले बाह्य क्षेत्रमा देखिएको चाप त घटाउँदै लग्यो, तर त्यससँगै उद्योग-व्यवसाय शिथिल हुँदै गएको छ भने सरकारले राजस्वसमेत गुमाउन थालेको छ। सरकारको सञ्चित कोष घाटामा गई नियमित तलब-भत्ता खुवाउने खर्चसमेत नपुग भएपछि सरकारलाई आन्तरिक ऋणसमेत उठाउनुपरेको छ। तर, आन्तरिक ऋण उठाउँदा त्यसको असर तरलतामा पर्ने देखिन्छ। यसरी नेपालको अर्थतन्त्रमा हालसम्मकै सबैभन्दा जटिल विरोधाभास र अन्तर्विरोध देखिएको छ। एउटा नीति लिंदा अर्कोमा असर गर्ने, एक ठाउँमा सुधार गर्दा अर्को ठाउँमा समस्या आउने देखिएको छ। अर्थतन्त्रमा देखिएको यस्तो जटिल विरोधाभास र अन्तर्विरोधबीच सन्तुलन मिलाएर अर्थविज्ञहरूको समेत साथ लिई तथ्य र तथ्याङ्कमा आधारित नीति बनाएर अघि बढ्नु नवगठित सरकारको प्रमुख दायित्व र चुनौती रहेको छ।

चालू आर्थिक वर्षको पहिलो चार महीनामा चालू खातामा ३५ अर्ब ४० करोड रुपियाँ रहेको बताइएको छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता दुई खर्ब २० अर्ब ९१ करोड रुपियाँले घाटामा थियो। उक्त अवधिमा शोधनान्तर स्थिति २० अर्ब तीन करोड रुपियाँले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति एक खर्ब ५० अर्ब ३८ करोड रुपियाँले घाटामा थियो। चालू आर्थिक वर्षको कात्तिकसम्म विदेशी विनिमय सञ्चिति १२ खर्ब ४६ अर्ब रुपियाँ बराबर रहेको छ। हालको सञ्चितिले ८.४ महीनाको वस्तु तथा सेवा आयात धान्न सक्ने राष्ट्र बैंकले जनाएको छ। कात्तिकमा उपभोक्ता मुद्रास्फीति (महँगी) ८.०८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको कात्तिकमा मुद्रास्फीति ६.०४ प्रतिशत मात्रै थियो। चालू आर्थिक वर्षको पहिलो चार महीनामा सरकारको कुल ऋण २० खर्ब सात अर्ब रुपियाँ पुगेको छ। जसमा आन्तरिक ऋण नौ खर्ब ५७ अर्ब र बाह्य ऋण १० खर्ब ५० अर्ब रुपियाँ रहेको छ। यस्तै चालू आवको पछिल्लो पाँच महीनामा व्यापार घाटा पाँच खर्ब ९७ अर्ब रुपियाँ पुगेको छ। व्यापारका सबै सूचकाङ्क नकारात्मक अवस्थामा रहेको तथ्याङ्कले देखाएको छ। नेपालको आयात व्यापार २०.७१ प्रतिशतले घटेर ६ खर्ब ६४ अर्ब र निर्यात ३४.६१ प्रतिशतले घटेर ६७ अर्ब ३० करोड रुपियाँ पुगेको छ। सरकारको राजस्व परिचालन र खर्चको अवस्थासमेत अत्यन्त कमजोर रहेको छ। यही पुस १० गतेसम्म सरकारले तीन खर्ब ४१ अर्ब रुपियाँ राजस्व उठाएको छ। यो वार्षिक लक्ष्यको तुलनामा २४.३३ प्रतिशत हो। त्यस्तै, सोही अवधिमा सरकारले वार्षिक लक्ष्यको ३१.४७ प्रतिशत अर्थात् तीन खर्ब ७२ अर्ब चालू खर्च र वार्षिक लक्ष्यको तुलनामा १०.१७ प्रतिशत अर्थात् ३८ अर्ब ६७ करोड रुपियाँ मात्र पूँजीगत खर्च गर्न सकेको छ।

वास्तवमा वित्तीय लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गरी उत्पादन बढाएर आयात प्रतिस्थापनको रणनीति नलिएसम्म व्यापार घाटा बढि नै रहने छ। यसका लागि व्यापार-व्यवसाय गर्नेहरूमा विशुद्ध आयातित होइन, उद्यमी बनेर व्यापार गर्ने सोच आउनु जरूरी छ। उत्पादनसहितको व्यापारलाई राज्यले पनि यथोचित सहुलियत दिनुपर्दछ। यसका साथै व्यापारमा भन्सारदेखि नै वस्तु तथा सेवाको वास्तविक मूल्य कायम नगरी कम मूल्यको बिलिङ गराएर वस्तुको आयात गर्ने प्रवृत्ति कडाइका साथ रोक्न सक्नुपर्दछ। व्यापारीहरूको वास्तविक कारोबार एकातिर, कागजी कारोबार अर्कातिर हुँदा बैंक तथा वित्तीय संस्थाहरूलाई असल ऋणी पहिचान गर्न पनि कठिन भइरहेको छ। व्यापार-व्यवसायमा पारदर्शिता नहुँदा व्यापारको नगण्य अंश मात्र करका रूपमा आउने गरेको छ। यसबाट व्यापारी मात्र मोटाइरहेका छन्, देशको अर्थतन्त्र होइन। अर्कोतर्फ आयात निरुत्साहित गर्दै जानुको विकल्प पनि छैन। विलासिताका सामग्रीमा बढीभन्दा बढी कर लगाई सीमित वस्तु मात्र आयात गर्न दिन सक्नुपर्दछ। यसका लागि हरेक नागरिकले आयातित वस्तु आवश्यकताभन्दा बढी खरीद नगर्ने, सीमित प्रयोग गर्ने, स्वदेशी वस्तु प्रयोग गर्ने, स्वदेशी उत्पादनको प्रवर्द्धन गर्नेतर्फ सचेत हुन जरूरी छ। कर्जालाई वास्तविक क्षेत्रमा लगानी गरी उत्पादन बढाउन, रोजगार सृजना गर्न, मुद्रालाई चलायमान बनाउँदै पुनः उत्पादन गरी व्यावसायिक चक्र सक्रिय बनाउने कार्यमा सम्बन्धित सबै पक्ष सचेत हुनु जरूरी छ।

अर्थतन्त्रबारे सर्वत्र चिन्ता र नैराश्यता देखिएको अहिलेको अवस्थामा यसलाई हटाउन नवगठित सरकारले विशेष पहलकदमी लिनुपर्ने आवश्यकता देखिएको छ। यसका लागि सबैभन्दा पहिले सरकारले सर्वसाधारण र निजी क्षेत्रको मनोबल उच्च राख्न सक्नुपर्दछ। यसका साथै मुलुक सुहाउँदो समाजवाद उन्मुख नयाँ आर्थिक नीति तयार पारेर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ। यसका लागि मुख्यतः तीनवटा प्रस्ताव अगाडि सार्नु उपयुक्त हुन्छ। पहिलो-आर्थिक चरित्र निर्माणका लागि उपयुक्त विधि र प्रक्रिया विकासमा जोड दिनुपर्दछ। यस अन्तर्गत उद्योगमा वित्तीय व्यवस्थापन, आधारभूत ऋणको साङ्गठनिक व्यवस्थापन र मूल्य नीति पर्दछ। दोस्रो-प्रशासनिक चरित्र निर्माणको विधि अवलम्बन गर्नुपर्दछ। यस अन्तर्गत अधिकारीको नियुक्ति, विश्वासको आधार, तालीम, एक अर्काबीच सामग्री हस्तान्तरण गर्दाको जिम्मेवारी तथा योजना निर्माण र कर्तव्यपालन नगर्दा गरिने कारबाही एवं हटाइने विधि प्रक्रिया पर्दछ। तेस्रो-उत्पादन योजनाको चरित्र निर्माण गर्ने विधि। यस अन्तर्गत उत्पादन र वितरणको बृहत् योजना, निरीक्षण तथा नापजाँच योजना, कार्यान्वयन योजना पर्दछ। यसका अतिरिक्त नयाँ आर्थिक नीतिमा गाउँ र दूरदराजका क्षेत्रहरूलाई रेलवे र सडक सञ्जालमार्फत जोड्ने, सडक सञ्जालबाट जोडिएका ती गाउँ र बजारहरूमा नयाँनयाँ माटो सुहाउँदो उत्पादन योजना निर्माण गर्ने (जस्तै-पशुपालन, विभिन्न प्रकारका नगदेबाली, स्थानीय तहका खानी तथा खनिज व्यवस्थापन र अन्य आय आर्जनका लागि व्यवस्थित तालीम) जस्ता योजना कार्यान्वयनमा आएपछि अधिकांश मानिसका लागि गाउँमैं स्वरोजगार बन्ने वातावरण तयार हुनेछ। पोलिटेक्निक इन्स्टिच्युटहरूको स्थापना र व्यवस्थापन तथा विद्युतीकरणमा समेत जोड दिन सक्नुपर्दछ।

अन्त्यमा आम मानिसको आर्थिक, सामाजिक, भौतिक तथा सांस्कृतिक विकासमा समर्पित आर्थिक नीतिले सम्पूर्ण जनताको सहभागितामा जोड दिन्छ र यसले समग्रमा सबैका लागि अवसर पनि प्रदान गर्छ। समग्र मानवीय विकासमा समग्र सामूहिकताको अभियानले अझ बढी उत्पादकत्व बढाउँछ। यसरी आर्थिक वृद्धि र उद्योगीकरणका लागि राष्ट्रिय रूपमा पूँजी सञ्चितिसहितको वित्तीय व्यवस्थापन गर्नु अहिलेको आवश्यकता हो। हुनत राजनीतिक कुशलता त्यो हो, जसले सामाजिक रूपान्तरणसहितको आर्थिक उन्नतिको ढोका खुला गर्न सक्छ। आर्थिक क्षमता र व्यवहारमा शून्यता रहेको सामाजिक परिवर्तन, समानतामा आधारित समानुपातिक समावेशिता सहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थायित्वका लागि नेपाली अर्थतन्त्रलाई स्वतन्त्र, सार्वभौम र अक्षुण्ण बनाउनैपर्छ। त्यसका लागि वित्तीय तथा आर्थिक अर्थतन्त्रका आधारहरूलाई राजनीतिक अर्थ व्यवस्थाको फोहरी किचिलोबाट मुक्त राख्नु जरूरी छ। यसतर्फ सरकारको अर्जुनदृष्टि हुनुपर्दछ।

## २५ बैंकले ...

तथ्याङ्क अनुसार एउटै बैंकले रु ४८ करोडसम्म बढी ब्याज असुल गरेको पाइएको छ।

सबैभन्दा कम ब्याज रकम असुलेको बैंकले पनि सात करोडभन्दा बढी रकम फिर्ता गर्नुपर्ने अवस्था छ।

राष्ट्र बैंकका अनुसार एनआइसी एशिया बैंकले रु ४८ करोड, नबिल बैंकले रु ४७ करोड, ग्लोबल आइएमई बैंकले रु ४५ करोड, सिद्धार्थ बैंकले रु ३३ करोड, बैंक अफ काठमाडौंले रु ३६ करोड, प्राइम कमर्सियल बैंकले रु २६ करोड, राष्ट्रिय वाणिज्य बैंकले रु २५ करोड तथा कुमारी बैंकले रु २० करोड ब्याज फिर्ता गर्नुपर्ने भएको छ।

त्यस्तै, सनराइज बैंकले रु १९ करोड, एनएमबी बैंकले रु १६ करोड, नेपाल बैंक, प्रभु बैंक र एभरेस्ट बैंकले रु १५/१५ करोड, लक्ष्मी बैंकले रु १३ करोड, हिमालयन, नेपाल इन्भेस्टमेन्ट र सिटिजन्स बैंकले रु १२/१२ करोड, मेगा, सिभिल र सानिमा बैंकले रु ११/११ करोड, एनसिसी बैंकले रु नौ करोड, सेन्चुरी र नेपाल एसबिआई बैंकले रु सात/सात करोड फिर्ता गर्नुपर्ने देखिएको छ। त्यसमध्ये सबैले उक्त रकम फिर्ता गर्ने प्रतिबद्धता जनाइसकेका छन्।

**किन फिर्ता भयो लिइसकेको ‘ब्याज’ ?**

बढ्दो आयात र शोधनान्तर घाटाका कारण नेपालको वित्तीय बजारमा लगानीयोग्य पूँजीको अभाव भएको र बजारमा नयाँ पूँजीको माग भएपनि आपूर्ति हुन नसक्दा बजारको ब्याजदरसमेत बढ्दै गएको छ।

अहिले वाणिज्य बैंकहरूले मुद्दती निक्षेपमा १२ दशमलव १३ प्रतिशत ब्याज दिंदै आएका छन्। विकास बैंकहरूले १२ दशमलव ८५ तथा फाइनान्स कम्पनीहरूले १३ दशमलव ३५ प्रतिशतसम्म ब्याजदर निर्धारण गरेका छन्। सबै प्रकारका संस्थाले विप्रेषण निक्षेपमा थप एक प्रतिशत बिन्दुले ब्याज दिंदै आएका छन्। मुद्दती निक्षेपसँगै बचत निक्षेपको ब्याजदर पनि स्वतः बढ्ने हुनाले बैंकहरूको लागत बढ्दै गएको छ। यसको प्रत्यक्ष असर आधार दरमा पर्दा बैंकहरूको ब्याजदर बढ्दै गएको हो।

आधारदर बढ्दा ब्याजदर बढ्नुलाई स्वाभाविक नै मानिन्छ। परिवर्तित ब्याजदर प्रणाली अनुसार ऋण लिएका ग्राहकले बैंकको त्रैमासिक आधारदरमा निश्चित प्रतिशत प्रिमियम थपेर ब्याजदर तिर्नुपर्छ। आधारदर बढ्दा ऋणको ब्याजदर स्वतः बढ्दै जान्छ।

तर बैंकहरूले भने बढेको आधारदर मात्रै नभएर प्रिमियमसमेत बढाएर ग्राहकसँग ब्याजदर लिएको भेटिएको छ। यसलाई राष्ट्र बैंकले अनधिकृत भन्दै सम्पूर्ण रकम फिर्ता गर्न भनेको हो।

**वित्तीय संस्थामा पनि समस्या**

त्यसो त बैंकहरूमा मात्रै नभएर विकास बैंक तथा वित्त कम्पनीमा पनि यस्तै समस्या भएपनि त्यसको यकीन तथ्याङ्क भने छैन।

राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभागका कार्यकारी निर्देशक पीताम्बर भण्डारीले विकास बैंक र वित्तीय संस्थाले बढी प्रिमियम लगाएर ब्याजदर फिर्ता गरे/नगरेको आफूहरूले हेर्ने गरेको र बढी देखिए फिर्ता गराउने गरेको बताए। यद्यपि बैंकहरूमा जस्तो ठूलो आकार विकास बैंकहरूमा नभएको उनको भनाइ थियो।

“वित्तीय संस्थामा पनि यो समस्या नै नभएको भन्ने त होइन तर बैंकहरूको जस्तो ठूलो समस्या चाहिं छैन,” कार्यकारी निर्देशक भण्डारीले भने, “जुन-जुन संस्थाले ब्याज बढी लिएका छन्, तिनलाई हामीले फिर्ता गर्न भनेका छौं। सबै संस्था आइनसकेकाले हामीले एकीकृत तथ्याङ्क सङ्कलन गरेका छैनौं।”

हालसम्म सञ्चालनमा रहेका १७ विकास बैंकमध्ये सातवटा र १५ फाइनान्स कम्पनी (समस्याग्रस्तबाहेक)मध्ये पाँचवटाको मात्रै वित्तीय विवरण स्वीकृत भएको राष्ट्र बैंकले जनाएको छ।

# “मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स”को आयोजना हुने

प्रस, काठमाडौं, १४ पुस/

इन्ट्रा नेशनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेशन अफ अमेरिकाले नेपालकै पहिलो अन्तर्राष्ट्रिय रियालिटी शो ‘मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स’को आयोजना गर्ने भएको छ।




तस्वीरः सौजन्य

काठमाडौंमा भएको घोषणा समारोहमा फाउन्डेशनले प्रतियोगिताका लागि विश्वभरका मानिसले इन्ट्रा नेशनल एपमार्फत आवेदन दिन सक्ने जनाएको छ। १८ वर्ष पुगेका व्यक्तिले प्रतियोगिताको लागि आवेदन दिन सक्नेछन्। शोमा सहभागी हुन चाहने विश्वभरका नेपालीभाषीहरूले इन्ट्रा फाउन्डेशनको एप डाउनलोड गरेर रजिस्टर गर्नुपर्नेछ। फाउन्डेशनका अध्यक्ष डिल्ली अधिकारीले भने, “हाम्रो संस्कृति जोगाउन एकजुट भएर लाग्नुपर्छ। हाम्रो पहिचान नै हाम्रो भाषा, संस्कृति र दुःखमा परेकाहरूलाई मदत गर्नुमा छ।” फाउन्डेसनको मुख्य उद्देश्य नेपाली मनोरञ्जन क्षेत्रमा साङ्गीतिक क्रान्ति ल्याउनु हो।

शोमा सहभागी हुन चाहने नेपालीभाषीहरूले अनलाइनबाट आवेदन दिनुपर्छ। प्राथमिक छनोट प्रक्रियापछि फाउन्डेसनले विश्वका विभिन्न स्थानमा अडिसन सञ्चालन गर्नेछ। यी दुवै शोको आवेदन दिने मिति जनवरीको अन्तिम तारिख तोकिएको छ।

फाउन्डेशनका अनुसार ‘मेरो भ्वाइस युनिभर्स’का विजेताले रु एक करोड पाउनेछन्। साथै फस्ट रनरअपले रु ३० लाख र सेकेन्ड रनरअपले रु २० लाख पुरस्कार पाउनेछन्। यस्तै, ‘मेरो डान्स युनिभर्स’का विजेताले पनि रु एक करोड पुरस्कार पाउनेछन्। फस्ट रनरअपले रु ३० लाख र सेकेन्ड रनरअपले रु २० लाख पुरस्कार पाउनेछन्।

फाउन्डेशनले नेपालबाहेक, म्यान्मा, थाइल्यान्ड, भुटान, भारत, अस्ट्रेलिया, अमेरिका, क्यानडालगायत युरोपेली देशहरूबाट पनि नेपालीभाषीहरूको बृहत् सहभागिताको अपेक्षा राखेको छ।

# दुई सयले घट्यो सुनको मूल्य

काठमाडौं, १४ पुस/रासस

नेपाली सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनका तुलनामा प्रतितोला रु दुई सयले घटेर रु एक लाख नौ सय तोकिएको छ। अघिल्लो दिन सुन प्रतितोला रु एक लाख एक हजार एक सयमा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख चार सय छ। यसको मूल्य अघिल्लो दिन रु एक लाख छ सय थियो। त्यस्तै, चाँदीको मूल्य अघिल्लो कारोबार दिनका तुलनामा प्रतितोला रु २० ले घटेर रु एक हजार ३८० मा आएको महासङ्घले जनाएको छ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ।

हाल अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔंस एक हजार ८०९ दशमलव ६२ अमेरिकी डलर आसपासमा कारोबार भइरहेको जनाइएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## होटलमा आगलागी हुँदा १० जनाको मृत्यु, ३० व्यक्ति घाइते



तस्वीरः एएफपी

नोमपेन, १४ पुस/सिन्ह्वा

थाइल्यान्डको सीमामा रहेको कम्बोडियाको एक होटल क्यासिनोमा आगलागी हुँदा कम्तीमा १० जनाको मृत्यु भएको प्रहरीले बिहीवार जनाएको छ।

कम्बोडियाली प्रहरीले पोइपेटस्थित ग्रान्ड डायमन्ड सिटी क्यासिनो होटलमा स्थानीय समय अनुसार राति ११:३० बजे आगलागी भएको जनाएको छ।

एएफपीलाई प्राप्त प्रहरी रिपोर्टमा 'करीब १० जनाको मृत्यु भएको र ३० जना घाइते भएको' उल्लेख गरिएको छ। अनलाइनमा शेयर गरिएको भिडियो फुटेजमा विशाल कम्प्लेक्समा आगो लागेको देखिएको छ र केही क्लिपहरूमा मानिसहरू जलिरहेको भवनबाट हाम फालेको देखिन्छ।

स्थानीय सञ्चारमाध्यमका अनुसार आगलागीको समयमा क्यासिनोभित्र विदेशी नागरिक थिए।

थाइल्यान्डको विदेश मन्त्रालय स्रोतका अनुसार उनीहरूले स्थानीय अधिकारीहरूसँग नजीकबाट समन्वय गरिरहेका छन् र घाइतेहरूलाई थाइल्यान्डको सा कायो प्रान्तका अस्पतालहरूमा स्थानान्तरण गरिएको छ। अधिकारीले भने, "अग्नि नियन्त्रकहरूले थाई पक्षबाट दमकलहरू पठाएर आगो नियन्त्रण गर्ने प्रयास गरिरहेका छन्।

थाइल्यान्डको उद्धार समूह रुअम्कातान्यु फाउन्डेशनका एक स्वयंसेवकका अनुसार आगो पहिलो तलाबाट शुरू भएको थियो तर गलैंचासँगै चाँडै भवनभरि फैलिएको थियो। ग्रान्ड डायमन्ड सिटी थाइल्यान्ड र कम्बोडियाली सीमामा सञ्चालित केही प्रसिद्ध क्यासिनो–होटलमध्ये एक हो। रासस

## अमेरिकामा हरेक हप्ता ४८ हजार बालबालिका कोभिड सङ्क्रमित

लस एन्जलस, १४ पुस/सिन्ह्वा

संयुक्त राज्य अमेरिकामा हरेक हप्ता कम्तीमा पनि ४८ हजारजना बालबालिकालाई कोभिडको सङ्क्रमण हुने गरेको छ। पछिल्ला केही हप्ता यस्तो अवस्था देखिएको यहाँका स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन्। उनीहरूका अनुसार पछिल्ला हप्ताहरूमा अमेरिकामा बालबालिकामा कोभिडको सङ्क्रमण बढेको पाइएको हो।

अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्स र अमेरिकी बालबालिका अस्पतालहरूको सङ्गठनले बुधवार यस्तो तथ्याङ्क दिएका हुन्। यहाँ कोभिड सङ्क्रमण शुरू भएदेखि एक लाख ५२ हजार बालबालिकालाई कोभिडको सङ्क्रमण भएको पनि ती संस्थाले जानकारी दिएका छन्।

ती तथ्याङ्कमा गएका चार हप्तामा मात्र एक लाख ६५ हजार बालबालिका थपिएका हुन्। अमेरिकाका कतिपय राज्यमा अहिले चीसोले निकै सताएको छ। त्यहाँ चीसोका कारण कैयौं मानिसको ज्यान पनि गएको छ।

यस अवस्थामा यहाँ पछिल्ला हप्ताहरूमा बालबालिकामा कोभिडको सङ्क्रमण बढ्दै गएको देखिएको छ। यहाँका स्वास्थ्य अधिकारीहरूले उमेर समूहका आधारमा कोभिड सङ्क्रमितहरूको तथ्याङ्क तयार गरेर विश्लेषण गर्नुपर्ने अवस्था आएको पनि बताएका छन्। रासस

## स्पेनले लेबनानमा रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनलाई सघाउने

संयुक्त राष्ट्रसङ्घ, १४ पुस/सिन्ह्वा

स्पेनले हाल लेबनानमा कार्यरत रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनलाई थप सहयोग गर्ने इच्छा व्यक्त गरेको छ। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले सो इच्छा व्यक्त गरेको बताइएको छ। उनी लेबनान भ्रमणमा गएका छन्।

त्यस क्रममा उनले लेबनानमा रहेको स्पेनको सैन्य समूहको कार्यको पनि निरीक्षण गरेका छन्। हाल लेबनानमा संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसन (युनिफिल) रहेको छ। सो मिसनले यहाँ शान्ति स्थापना गरी यहाँको आन्तरिक सङ्कट र विद्रोहलाई शान्तिपूर्ण माध्यमबाट समाधानका गर्नका लागि काम गरिरहेको जनाएको छ।

यहाँ स्पेनको सैन्य बटालियन सन् २००६ देखि नै काम गरिरहेको छ। स्पेन लेबनानमा शान्ति सेना पठाउने सबैभन्दा ठूलो देश हो। स्पेनका प्रधानमन्त्री सान्चेजले हालैका वर्षहरूमा लेबनानले सिरियाली र अरू शरणार्थीहरूलाई शरण दिइरहेकोान प्रशंसा पनि गरेको थियो।

साथै उनले आगामी दिनमा स्पेनले लेबनानलाई विभिन्न हिसाबले सहयोग पुऱ्याउने भन्दै स्पेनले युरोपियन युनियनमार्फत सहयोग गर्ने वाचा पनि गरेको थियो। यसैबीचमा लेबनानी प्रधानमन्त्री नजिब मिकाटीले पनि स्पेन सरकारलाई धन्यवाद दिएका थिए। स्पेनले छ सयभन्दा बढी शान्ति सैनिक पठाएर लेबनानमा शान्तिका लागि सहयोग गरेको भन्दै प्रधानमन्त्री नाजिबले स्पेनका प्रधानमन्त्रीलाई धन्यवाद ज्ञापन गरेका थिए। रासस


### नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना

वीरगंज–पोखरिया ३३ केभी लाइन अपग्रेडेशन गर्ने कार्यको लागि नेविप्रा, वीरगंज ६६।३३।११ केभी सबस्टेशनबाट पोखरियाको लागि आउने वीरगंज–पोखरिया ३३ केभी लाइन र पोखरिया ३३।११ केभी तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ केभी लाइनहरू मिति २०७९।०८।२८ देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहान ८:०० देखि दिउँसो १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्णरूपमा सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ केभी विन्ध्यवासिनी फिडर, ११ केभी ५ नं फिडर र ११ केभी ६ नं फिडर रहेकाले उक्त तीनवटा फिडर आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ। साथै निर्धारित समयावधिअगावै कार्य सम्पन्न भएमा लाइन पहिलै सुचारु हुने बेहोरा अनुरोध छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति नेविप्रा पोखरिया वितरण केन्द्र क्षमाप्रार्थी छ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रिड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं।

वीरगंज महानगरपालिका कार्यालय


### आजको राशिफल

| | |
|---|---|
| मेष – बेचैनी | वृष – धनलाभ |
| मिथुन – सफलता | कर्कट – प्रगति |
| सिंह – रोगभय | कन्या – यात्रालाभ |
| तुला – शत्रुपराजय | वृश्चिक – सुसमाचार |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनलाभ | मीन – सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## प्रदेशसभाका ज्येष्ठ सदस्य न्यौपानेलाई शपथ

महेन्द्रनगर, १४ पुस/रासस

मधेस प्रदेशसभाका ज्येष्ठ सदस्य गोविन्दबहादुर न्यौपानेले पद तथा गोपनीयताको शपथ लिएका छन्। प्रदेश प्रमुख हरिशङ्कर मिश्रले उनलाई आज शपथ गराएका हुन्। नेकपा (एकीकृत समाजवादी)का तर्फबाट सप्तरी निर्वाचन क्षेत्र नं ४ (१) बाट निर्वाचित न्यौपाने १०७ सदस्यीय मधेस प्रदेशसभामा सबैभन्दा ज्येष्ठ सदस्य हुन्।



मधेस प्रदेशका ज्येष्ठ प्रदेशसभा सदस्य गोविन्द न्यौपानेलाई शपथग्रहण गराउँदै प्रदेश प्रमुख हरिशङ्कर मिश्र र बीचमा मुख्यमन्त्री। तस्वीरः रासस

नेपालको संविधानको धारा १८२ को उपधारा (५), प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम ज्येष्ठ सदस्यको हैसियतले प्रदेशसभाको अध्यक्षता गर्ने प्रावधान छ।

ज्येष्ठ सदस्य न्यौपानेले भोलि (शुक्रवार) बाँकी प्रदेशसभा सदस्यहरूलाई पद तथा गोपनीयताको शपथग्रहण गराउने कार्यक्रम छ। शपथग्रहणपछि उनले संविधानको व्यवस्था अनुसार अर्को व्यवस्था नभएसम्म आफूले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्ने प्रतिक्रिया दिए।

## सात दिने उद्घोषण, वक्तृत्वकला तालीम शुरू

बलिराम शुक्ल, बिरुवागुठी, १४ पुस/

पर्सागढी नगरपालिका कार्यालयको सहयोग र सहज सेवा सीप विकास केन्द्र प्रालिको आयोजनामा आमोदेवी जनता क्याम्पस, पकडिया, बडनिहारको सभाहलमा सात दिने सभा सञ्चालन, उद्घोषण र वक्तृत्वकला तालीम बिहीवारदेखि शुरू भएको छ।



तस्वीरः प्रतीक

नगरप्रमुख गोकर्ण पाठकले तालीमको उद्घाटन गर्दै ग्रामीण क्षेत्रमा हुने सभा, समारोह, औपचारिक र अनौपचारिक कार्यक्रममा उद्घोष गर्न र वक्तृत्वकला गर्न यस प्रकारको तालीम सहयोगी हुने बताए। उनले तालीमबाट सिकेका कुराले कुशल उद्घोषक बन्न सकिने बताए।

उपप्रमुख पूजा चौधरीले गाउँघरमा किशोरकिशोरीहरूलाई उद्घोषण तालीम एउटा अवसरको रूपमा रहेको बताइन्। तालीममा सुरेश बिडारी, नीलिमा पौडेललगायतले प्रशिक्षण दिँदैछन्।

पर्सागढी नपा कार्यपालिका सदस्य सीता लामाको अध्यक्षतामा शुरू भएको तालीम उद्घाटन कार्यक्रममा समाजसेवी अशोक बुर्लाकोटीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा ललितादेवी यादव, सुस्मिताकुमारी चौधरीलगायतको सहभागिता थियो।

## आगलागीबाट छवटा घर नष्ट

प्रस, परवानीपुर, १४ पुस/

वीरगंज–१७ अलौंमा आगलागीबाट छवटा घर जलेर नष्ट भएको छ।

जीतनारायण यादव, रामनारायण यादव, राजेन्द्र यादव, ललन यादव, सत्यनारायण यादव र शिव यादवको घर जलेर नष्ट भएको हो। बिहान ३ बजे अचानक आगलागी भएको थियो। जीतनारायणले आगलागी देखेपछि प्रहरीलाई खबर गरेका थिए। त्यसपछि वीरगंज महानगरपालिकाका दुईवटा, पोखरिया नपाको एउटा र विपद् गुल्मको एउटा गरी चारवटा दमकलबाट आगलागी नियन्त्रणमा लिइएको थियो। आगलागीमा दुईवटा भैंसी घाइते भएका छन् भने एउटा पाडीको मृत्यु भएको छ।

आगलागी घटनामा करीब २० लाख मूल्यभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ।

### विपद् पूर्वतयारीबारे ...

बालबालिकाको पढाइमा हुने क्षतिलाई न्यूनीकरण गरी उनीहरूको पढाइ सीपमा सुधार ल्याउनेबारे जानकारी गराइएको थियो।

टेलिफोनमा आधारित शिक्षण सिकाइ, सन्दर्भ सामग्रीको प्रयोग, पढाइ अभियान, टोल शिक्षा, घुम्ती पढाइ अभियानलगायत प्रयोग गरी शैक्षिक क्षतिलाई सुधार्न सकिनेबारेमा जानकारी गराइएको थियो।

कार्यक्रममा शिक्षा अधिकृत शम्भु साह र पालिका क्लस्टर कोअर्डिनेटर मित्रदेव यादवले सहजीकरण गरेका थिए।

### लोककल्याणकारी ...

सहयोगलाई पारदर्शीरूपमा वितरण गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा पत्रिकाका सञ्चालकहरूले महानगरपालिकाले दिंदै आएको लोककल्याणकारी विज्ञापनबापत भुक्तानी लामो समयदेखि रोकिएको भन्दै चाँडै रकम निकासा गर्नुपर्ने आग्रह गरे। सबै पत्रिकालाई एउटै टोकरीमा हालेर व्यवहार गरिएको भन्दै अब समाचार सामग्रीका आधारमा वर्गीकरण गरी त्यही अनुरूपको रकम दिने व्यवस्था मिलाउन आग्रह गरे। कार्यक्रममा दैनिक र साप्ताहिक पत्रिकाका सञ्चालक तथा सम्पादकहरूसँग पहिलो र दोस्रो सत्रमा गरेर सुझाव लिइएको थियो।

पहिलो सत्रको कार्यक्रममा वीरगंजबाट प्रकाशित दैनिक पत्रिकाका सम्पादक, प्रकाशकहरूको सहभागिता थियो भने दोस्रो सत्रको कार्यक्रममा साप्ताहिक पत्रिका सम्पादक, प्रकाशकहरूको सहभागिता थियो।

महानगरपालिका सूचना शाखाका प्रमुख शम्भु कुशवाहाले सहजीकरण गरेको कार्यक्रममा नगरप्रमुखका प्रेस सल्लाहकार महेश दास, जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, प्रवर्द्धन समितिका मनोज पटेल, अमित अग्रवाल, मुस्कान श्रेष्ठ, माधुरी महतो, बृजलाल पासवानलगायतको सहभागिता थियो।

### तन्नेरीमा ...

स्वास्थ्य चौकीमा पुगेको पाइन्छ।

**लक्षण कसरी थाहा पाउने ?**

छाती भारी जस्तो हुने, छातीमा ढुङ्गा राखेको जस्तो लाग्छ, अलिकति हिंड्यो भने त्यो दुखाइ बढ्न जान्छ र आराम गऱ्यो भने कम हुन्छ। यस्तो हुनु भनेको नशा साँघुरो हुनु हो र मुटुलाई रगत पुगेको छैन भन्ने थाहा हुन्छ।

हृदयघात हुने बेला रगत मुटुमा जान पाउँदैन। हृदयघात भनेको मुटुमा रक्तसञ्चार नहुनु हो। त्यति बेला दुखाइ निरन्तर भइरहन्छ र आराम गर्दा पनि कम हुँदैन।

**दैनिक पाँचजना हृदयघातका बिरामी**

केन्द्रका निर्देशक डा अधिकारीका अनुसार दैनिक सात सयजना बहिरङ्ग सेवामा मुटुका बिरामी आउने गर्छन् भने आकस्मिक कक्षमा ५० भन्दा बढी मुटुका बिरामी आउने गर्छन्। उनका अनुसार दैनिक पाँचजना हृदयघातका बिरामी अस्पतालमा आउने गरेका छन्। अस्पतालमा हृदयघातका बिरामी २४ घण्टापछि आउने गरेका छन्। उनी जतिछिटो बिरामी अस्पतालमा आए त्यति नै मुटुको नशा खोलेर मांसपेशीमा रगत सञ्चालन गर्न सकिने बताउँछन्। हृदयघात भएका बिरामी १२ घण्टाभित्र अस्पतालमा आउन सके बचाउन सकिने उनको भनाइ छ।

केन्द्रले हृदयघात भएका बिरामीलाई २४ घण्टा नै एन्जियोप्लास्टी (मुटुको नशा खोल्ने प्रविधि) गरेर बचाउने गर्दछ। हृदयघात भएर आएको एक घण्टाभित्रमा बिरामीको एन्जियोप्लास्टी गर्न सकिन्छ।

एउटा एन्जियोप्लास्टी गर्नको लागि एक लाख ५० हजार खर्च लाग्ने गर्दछ। तर तिर्न नसक्ने गरीब, असहायका लागि केन्द्रले विगत दुई वर्षदेखि भने निश्शुल्क एन्जियोप्लास्टी गर्ने गरेको छ। "हृदयघात भएको मानिसको मुटुमा रगतको आपूर्ति बन्द भएपछि मुटु दुख्न थाल्छ।

मुटुको मासु मरिसकुन्जेल छाती दुख्ने गर्दछ। केन्द्रले प्राइमरी एन्जियोप्लास्टी गरेका बिरामीलाई चार/पाँच दिनमैं अस्पतालबाट घर पठाउने गरेको छ।

केन्द्रमा २४ घण्टा नै हृदयघात भएका बिरामीको प्राइमरी एन्जियोप्लास्टिक गर्नका लागि १५ जना जनशक्तिसहित चारवटा शल्यक्रिया थ्रेयटर (क्याथल्याब) तयारी अवस्थामा राखिएको हुन्छ। केन्द्रमा प्रत्येक महीना ५० जनाको प्राइमरी एन्जिओप्लास्टिक गरेर हृदयघात भएका बिरामीलाई बचाउने गरेको उनी बताउँछन्। केन्द्रमा सन् २००६ देखि एन्जिओप्लास्टिक हुँदै आएको छ।

पहिलोपटक हृदयघात हुँदा १०० जनामध्ये २३ जनाको मृत्यु अस्पताल नपुग्दै हुने गर्दछ। हृदयघात भएर अस्पताल आएका बिरामीमध्ये सात प्रतिशतको अस्पतालमैं मृत्यु हुने गरेको छ। विगत १० वर्षको तथ्याङ्क हेर्दा अस्वस्थ खानपान र जीवनशैलीमा आएको परिवर्तनले हृदयघात हुनेको सङ्ख्यामा दोब्बर वृद्धि भएको छ।

गङ्गालालको तथ्याङ्क अनुसार सन् २०१२ मा ४९५ जनालाई हृदयघात भएको थियो भने सन् २०१८ मा तीन गुणा बढेर एक हजार ४६० पुगेको थियो।

उनका अनुसार २०२० मा एक हजार ५९८ र सन् २०२१ मा दुई हजार २७३ जना अस्पतालमा भर्ना भएका थिए। विगत १० वर्षको तथ्याङ्क हेर्ने हो भने मुटुरोगका बिरामीमध्ये ५० प्रतिशत त हृदयघात भएका बिरामी मात्र नै छन्।

# सामुदायिक विद्यालयको मुहार फेरिन्छ -नगरप्रमुख सिंह

प्रस, वीरगंज, १४ पुस/

वीरगंज महानगरपालिकाका प्रमुख


तस्वीरः प्रतीक

राजेशमान सिंहले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धिको लागि महानगरले काम गरिरहेको बताएका छन्।

वीरगंज महानगरपालिका–११ श्रीपुरस्थित नेपाल राष्ट्रिय विद्यापीठ माध्यमिक विद्यालयमा बिहीवार वृक्षारोपण कार्यक्रममा उनले सो कुरा बताएका हुन्। नगरप्रमुख सिंहले विद्यालयको निर्माणाधीन भवनलाई पूर्णता दिन महानगरले आवश्यक सहयोग गर्ने बताए। उनले सामुदायिक विद्यालयहरूको स्वरूप परिवर्तन गरेर हेर्ने लायक बनाउने अभियानमा महानगरपालिका लागेको र यसमा सबैको सहयोग आवश्यक हुने बताए।

उनले महानगरका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गरेर निजी विद्यालय सरह बनाउने दाबी गरे। शिक्षकहरूलाई दक्ष बनाउने, विद्यालयको भौतिक संरचनामा सुधार ल्याउने उनले बताए। नगरप्रमुख सिंहले वृक्षारोपण गर्नु राम्रो भएपनि रोपेर मात्र नहुने बताउँदै त्यसको संरक्षण गर्नुपर्ने सुझाव दिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेश लाठको अध्यक्षतामा भएको कार्यक्रममा महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, वडाध्यक्ष अजय चौरसियालगायतको सहभागिता थियो।

आज सो विद्यालयमा एक सयभन्दा बढी विभिन्न जातिका बिरुवा रोपिएको थियो।

# खेलकूदको संसार

## नेपाल टी–२० क्रिकेट : विराटनगर विजयी

काठमाडौं, १४ पुस/रासस

राजधानीमा जारी पहिलो संस्करणको नेपाल टी–२० क्रिकेट लिगमा विराटनगर सुपर किङ्ग्स विजयी भएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीवार भएको खेलमा विराटनगरले पोखरा एभेन्जर्सलाई आठ विकेटले पराजित गर्दै विजयी भएको हो।

पोखराले विराटनगरलाई जीतका लागि १३६ रनको चुनौती दिएको थियो। जवाफमा विराटनगरले १८ दशमलव चार ओभरमा दुई विकेट गुमाएर १३८ रन बनायो। विराटनगरको जीतमा रोहित पौडेलले अविजित ७१ रनको योगदान दिए। उनले ५७ बलमा तीन छक्का र छ चौकाको मदतमा ७१ रनको योगदान दिएका हुन्।

त्यसैगरी, गौरान्सु शर्माले ३३ रन थपे भने हुसेन तलातले २८ रनको योगदान गरे। बलिङमा पोखराका अमीर हम्जा र जाहिर खानले समान एक/एक विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङ थालेको पोखराले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १३५ रन बनाएको थियो। पोखराका लागि अमीर हम्जाले सर्वाधिक ३७ रनको योगदान दिए भने सुमित महर्जनले २६ रन बनाए।

त्यसैगरी, कप्तान उपुल थरङ्गाले २५ रन बनाउँदा प्रतिशत जिसीले अविजित १३ तथा आशिफ शेखले ११ रन जोडे। विराटनगरका कप्तान आन्द्रे म्याकार्थीले तीन विकेट लिए भने साहब आलम, राज नानन र नन्दन यादवले समान एक/एक विकेट लिए। यससँगै चार खेल खेलेको विराटनगरले दुई खेलमा जीत हात पार्दै चार अङ्क जोडेको छ। विराटनगर अङ्कतालिकाको तेस्रो स्थानमा छ। त्यस्तै, पाँच खेल खेलको पोखरा भने पाँचैं खेलमा हार बेहोर्दै अङ्कतालिकाको तेस्रो स्थानमा छ।

प्रतियोगितामा चार खेल खेलेको लुम्बिनी अल स्टार अपराजित रहँदै आठ अङ्कका साथ लिगको शीर्ष स्थानमा छ। काठमाडौं नाइट्सले तीन खेलमा दुई जीत हात पार्दै चार अङ्कका साथ दोस्रो स्थानमा छ। त्यसैगरी, जनकपुर रोयल्स तीन खेलमा दुई जीत हात पार्दै नेट रनरेटका आधारमा चौंथो तथा फार वेस्ट युनाइटेड पाँचौं स्थानमा छ। तीन खेल खेलेको फार वेस्टले एक खेलमा जीत हात पार्दै दुई अङ्क जोडेको छ।

प्रतियोगिताको विजेता टोलीले रु ५५ लाख तथा उपविजेताले रु ३० लाख हात पार्नेछन्।

# विपद् पूर्वतयारीबारे अभिमुखीकरण



तस्वीरः प्रतीक

प्रस, पंचगावाँ, १४ पुस/

इयू/युनिसेफको प्राविधिक तथा आर्थिक सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल तथा मधेस प्रदेश शिक्षा समूहको आयोजनामा एक दिने विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि स्थानीय शिक्षा समूह गठन, परिचालन, समन्वय र अभिमुखीकरणसम्बन्धी कार्यक्रम पटेर्वासुगौली गाउँपालिकामा सम्पन्न भएको छ।

गापा अध्यक्ष दिनेश चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा समितिका सदस्य, प्रअ, रेडक्रस, शिक्षासँग सरोकार राख्ने अन्य सङ्घसंस्था तथा स्थानीय पालिकाका प्रतिनिधिहरूको सहभागितामा सम्पन्न भएको छ।

कार्यक्रममा गापाध्यक्ष चौधरीको संयोजकत्वमा नौ सदस्यीय शिक्षा समूह गठन भएको छ।

समितिका सदस्यहरूमा उपाध्यक्ष ममता महतो, वडाध्यक्ष विजय गैरे, जादोलाल साह, श्याम घिमिरे र सदस्यसचिव शिक्षा शाखा प्रमुख शम्भु साहलगायत छन्।

अभिमुखीकरणमा सिकाइ निरन्तर अभियानको अवधारणा, महत्त्व, आवश्यकता र यसको प्रयोग विधिबारेमा जानकारी गराइएको थियो।

विपद् वा महामारी आएमा विभिन्न किसिमका वैकल्पिक विधिहरू प्रयोग गरी

(बाँकी पाँचौं पातामा)

# गाँजा मुद्दामा फरार चौधरी पक्राउ

प्रमोद यादव, पंचगावाँ, १४ पुस/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले लागूऔषध गाँजा मुद्दामा फरार रहेका एकजनालाई पक्राउ गरेको छ।

प्रहरी निरीक्षक किशोर आचार्यको टोलीले सखुवाप्रसौनी गाउँपालिका–२ श्रीपुर पंचगावाँको खेतबाट बिहीवार बिहान १० बजे सोही ठाउँका ४५ वर्षीय बृजलाल चौधरी थारूलाई पक्राउ गरेको जनाएको छ।

लागूऔषध गाँजा मुद्दामा पर्सा जिल्ला अदालतबाट २०५८ सालमा दुई वर्ष ११ महीना १९ दिन कैद सजाय र रु १५ हजार जरिवाना भएपछि चौधरी फरार थिए। पक्राउ परेका चौधरीलाई कारबाईको लागि जिल्ला प्रहरी कार्यालय, पर्सामा पठाएको प्रनि आचार्यले बताए।

# वीउवासङ्घको आन्दोलन २७ गतेसम्म स्थगित

प्रस, वीरगंज, १४ पुस/

वीरगंज उद्योग वाणिज्य सङ्घले बैंकहरूको चर्को ब्याजदर र नेपाल राष्ट्र बैंकद्वारा जारी चालू पूँजी कर्जा निर्देशिका २०७९ को विरोधमा पुस १० गतेदेखि शुरू गरेको आन्दोलन पुस २७ गतेसम्मको लागि स्थगन गरेको छ।

वीउवासङ्घले विज्ञप्ति जारी गर्दै अर्थमन्त्री विष्णु पौडेलले भर्खर आफू मन्त्री भएको र मुलुकको समग्र अर्थतन्त्रलाई लयमा फर्काउने, बढ्दो ब्याजदर नियन्त्रण गर्ने र चालू पूँजी कर्जा निर्देशिका २०७९ मा रहेका विरोधाभास नीतिलाई सच्याउँदै जाने आश्वासन दिएको र केही समय माग गरेकाले पुस २७ गतेसम्मको समयसीमा दिएर आन्दोलन स्थगित गरिएको वीउवासङ्घका अध्यक्ष सुबोध गुप्ताले बताएका छन्।


तस्वीरः फाइल

उनले अर्थमन्त्रीको आग्रहमा छलफल गरी समस्या समाधान गरिने विश्वासका साथ पुस २७ गतेसम्म माग सम्बोधन नभए पुनः आन्दोलन गर्ने चेतावनी पनि दिएका छन्। अर्थमन्त्रीसँगको छलफलमा अध्यक्ष गुप्तासँगै वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष माधव राजपाल सहभागी थिए।

# दास नगरप्रमुखको प्रेस सल्लाहकार


तस्वीरः प्रतीक

प्रस, वीरगंज, १४ पुस/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको प्रेस सल्लाहकारमा महेश दास नियुक्त भएका छन्। नगरप्रमुख राजेशमान सिंहले दासलाई बिहीवार सल्लाहकारको नियुक्ति दिएका हुन्। दास अहिले एभिन्युज टेलिभिजनमा आबद्ध छन्। उनी नेकपा एमाले वीरगंज महानगरको उपाध्यक्ष तथा एमाले प्रचार विभागका सदस्य हुन्।

यसैगरी, नगरप्रमुख सिंहको जनसम्पर्क सल्लाहकारमा नवराज फुयाँल नियुक्त भएका छन्। ठोरी–१ का स्थायी बासिन्दासमेत रहेका सञ्चारकर्मी फुयाँललाई नगरप्रमुख सिंहले बिहीवार नै नियुक्त गरेका हुन्।

# पूर्वराजा स्व वीरेन्द्रको जन्मजयन्ती


तस्वीरः प्रतीक

प्रस, वीरगंज, १४ पुस/

पूर्वराजा स्व वीरेन्द्र शाहको ७८औं जन्मजयन्ती बिहीवार देशभक्त राजभक्त समूहले कार्यक्रम गरी मनाएको छ।

महावीर मन्दिरमा आयोजना गरिएको कार्यक्रममा पूर्वराजा स्व वीरेन्द्रको तस्वीरमा माल्यार्पण गरिएको थियो। समूहका अध्यक्ष दीपेन्द्रप्रसाद रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष राजकिशोर चौबे, जिल्ला अध्यक्ष सतीश श्रीवास्तव, बाबुलाल शर्मा, मोतीउरहमान मियाँ, सावित्री देवी, विकास सर्राफ, रवि लाठ, सञ्जय मिश्रलगायतको सहभागिता थियो।

# वडाध्यक्षले कम्बल बाँडे


तस्वीरः प्रतीक

प्रस, वीरगंज, १४ पुस/

बहुदरमाई नगरपालिका–७ विश्रामपुरमा बिहीवार कम्बल वितरण गरिएको छ। वडाध्यक्ष वीरेन्द्र यादवको अध्यक्षतामा भएको कार्यक्रममा ३५० थान कम्बल वितरण गरिएको थियो।

दलित, अपाङ्ग, एकल महिलालाई चीसोको मौसममा कम्बल वितरण गरिएको वडासचिव रामअयोध्या साहले बताए।





## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
- धुम्रपान गर्नेहरूको सङ्गतबाट टाढा रहौं।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,

**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड